# अध्याय एक

# शोधपरिचय

## १.१. शोध शीर्षक

यस शोधपत्रको शीर्षक "कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनको अध्ययन विश्लेषण" रहेको छ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशाास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षण विभाग, स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आठौँ पत्र नेपा. शि. ५९८ पाठ्यांशको आवश्यकतापूर्तिका लागि तयार गरिएको छ ।

## १.३. समस्याकथन

शिक्षालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउने विभिन्न प्रयासहरू भएका छन् । प्राथमिक शिक्षालाई सन् २०१५ सम्ममा सर्वसुलभ बनाउन नेपाल सरकारले आधारभूत शिक्षा कक्षा ( १-८) लाई निःशुल्क घोषणा गरेको छ । प्रभावकारी मूल्याङ्कनका लागि मूल्याङ्कनका नवीनतम शैली, विद्यार्थीका सर्वपक्षीय मूल्याङ्कन गर्ने तरिका तथा निरन्तर रूपमा गरिने मूल्याङ्कन प्रणालीलाई कार्यन्वयनमा ल्याउनु अनिवार्य छ । शिक्षाको गुणात्मक विकासका लागि विभिन्न प्रयासहरू भए तापनि त्यसको परिणाम सन्तोषजनक आउन सकेको छैन । विद्यालय जाने उमेरका (६-१०) कतिपय बालबालिकाहरू विद्यालयमा भर्ना हुन सकेका छैनन् र भएका पनि बीचैमा कक्षा छोड्ने अनुत्तीर्ण हुने वा कक्षा दोहोऱ्याउने दर प्रसस्त छ । यो एक किसिमको शैक्षिक क्षति हो ।

नेपालमा शिक्षाको उपलब्धि र गुणात्मक पक्ष मापन गर्ने एकमात्र माध्यम नै औपचारिक परीक्षालाई मान्ने चलन परम्परादेखि नै चलिआएको छ । प्राथमिक तहमा भएको शैक्षिक क्षतिलाई कम गर्न र विद्यार्थीहरूको शौक्षिक उन्नति प्रगतिको अभिलेख राख्न निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि भाषा शिक्षकले समेत सचेत रहनु पर्दछ । वास्तवमा नेपाली भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो ।

जुनसुकै बेलामा पनि लिइने लिखित परीक्षाले मात्र विद्यार्थीका उपलब्धिका सबै पक्षलाई समेट्न नसक्ने भएको कुरालाई ध्यानमा राखी निम्न समस्यामा केन्द्रित भएर यस शोधपत्रमा प्रगति विवरणको अध्ययन गर्ने प्रयास गरिएको छ :

क) कक्षा ५का विद्यार्थीहरूको भाषिक मूल्याङ्कनको स्थिति कस्तो छ ?

ख) भाषिक मूल्याङ्कन गर्न के कस्ता साधनको प्रयोग गर्न सकिन्छ?

ग) कक्षा पाँचमा निरन्तर मूल्याङ्कनबाट विद्यार्थीहरूको शौक्षिक स्तर उकास्न सकिन्छ ?

घ) निरन्तर मूल्याङ्कनका आधारमा विद्यार्थीहरूको अपेक्षित सुधार हुन सक्छ ?

ङ) कक्षाको सुरुको अवस्थाभन्दा ६ हप्तापछि विद्यार्थीमा के - कस्तो सुधार हुन सक्छ ?

उपयुक्त कुराहरूलाई समस्याका रूपमा लिएर यो शोधपत्र तयार पारिएको छ ।

## १.४. अध्ययनको उद्देश्य

जुनसुकै कार्य पनि निश्चित उद्देश्य परिपूर्तिका लागि गरिन्छ । उद्देश्यले समस्यालाई निर्देशन गर्ने भएकाले यो शोधपत्रका निम्न उद्देश्यहरू रहेका छन् :

क) कक्षा पाँचका विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कनको स्थिति पत्ता लगाउनु ,

ख) विभिन्न साधन र माध्यम प्रयोग गरी विद्यार्थीको सिकाइ प्रगतिको निरन्तर र नियमित लेखाजोखा गर्नु,

ग) विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गरी प्रगति विवरणको अभिलेख राख्नु ,

घ) निरन्तर मूल्याङ्कनबाट प्राप्त परिणामलाई केलाउनु ,

ङ) कक्षाको सुरुको अवस्था र ६ हप्तापछिको आवस्थामा भएको सुधारको व्याख्या विश्लेषण गरी निष्कर्ष र सुझाव पेस गर्नु,

## १.५.पूर्वकार्यको समीक्षा

वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापनापश्चात् वि.सं. २०३९ सालदेखि स्नातकोत्तर तहको पठनपाठन शुभारम्भ भएपछि वर्तमान समयसम्म मानविकी तथा सामाजिक शाास्त्रतर्फ भएका भाषिक अनुसन्धानहरू बढी मात्रामा साहित्यतर्फ उन्मुख छन् भने शिक्षाशास्त्र सङ्कायतर्फ भाषा शिक्षणसम्बन्धी अनुसन्धान भएका पाइन्छन् ।

नेपाली भाषा शिक्षणसम्बन्धी प्रमुख अनुसन्धान क्षेत्रमा नेपाली भाषा पाठ्यक्रम , नेपाली भाषा पाठ्यपुस्तक, नेपाली भाषा र अन्य भाषाको व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शब्द भण्डार र व्याकरणसम्बन्धी अध्ययन, भाषिक क्षमता र उपलब्धि प्रश्नपत्र र मूल्याङ्कनका साधनसम्बन्धी अध्ययन, कृति विश्लेषण नेपालीका भाषिका र अनेपाली भाषासम्बन्धी अध्ययन रहेका छन् ।

विद्यार्थीको प्रगति विवरणको लेखाजोखा गरी गरिएका अनुसन्धान अत्यन्त कम मात्रामा रहेका छन् । निरन्तर मूल्याङ्कनको विषयमा उल्लेख गरिएका पाठ्यपुस्तकहरू र त्यससम्बन्धी अध्ययन गरिएका शोधपत्रहरू केही मात्रामा छन् । ती निम्नानुसार रहेका छन् : रामप्रसाद भट्टराई 'विलीन' द्वारा वि.सं. २०५५ मा प्रस्तुत नेपाली भाषा शिक्षणमा "भाषिक सीपको मूल्याङ्कन प्रक्रियाको अध्ययन" नामक लघु अनुसन्धानमा भाषिक सीपको मूल्याङ्कन प्रक्रियासम्बन्धी प्रयोगात्मक अध्ययन गरेको पाइन्छ ।

विद्यार्थी पुस्तक भण्डारबाट वि.सं. २०५७ मा प्रकाशित डा. रामप्रसाद लामिछानेको "नेपाली भाषा शिक्षण परिचय"मा भाषिक मूल्याङ्कन शीर्षक अर्न्तगत मूल्याङ्कनका लागि विभिन्न किसिमका प्रश्नहरू निमाण गरी सोही अनुरूप मूल्याङ्कन गर्नु पदर्छ र मात्र अपेक्षित उपलब्धिको प्राप्तिमा सफलता पाउन सकिन्छ भन्ने कुराको उल्लेख गरेको पाइन्छ । त्यसैगरी हेमाङ्गराज अधिकारीको "नेपाली भाषा शिक्षण"(२०५९) विद्यार्थी पुस्तक भण्डार काठमाडौँबाट पाँचौं संस्करणका रूपमा संशोधित तथा परिमार्जित पुस्तकमा शैक्षणिक कार्यकलापका क्रममा विद्यार्थीले समय समयमा के कति प्रगति गरे अथवा विद्यार्थीको भाषिक क्षमता के कस्तो छ उनीहरू कति सक्षम छन् र कति अक्षम छन् भन्ने कुराको जानकारी शिक्षकलाई हुनु आवश्यक छ, भनिएको छ । मूल्याङ्कनबाट नै विद्यार्थीको शैक्षिक उन्नति तथा अवन्नतिको सही विश्लेषण हुने कुरा उल्लेख गरिएको छ । त्यसैले यसलाई शिक्षण सिकाइको पथ प्रदर्शकको रूपमा लिन सकिन्छ ।

डिल्लीराम रिमालद्धारा लिखित "नेपाली शिक्षण" तेस्रो संस्करण (२०५७) मा यसै सन्दर्भका केही कुरा उल्लेख भएको पाइन्छ । उनका अनुसार सिकाइको उपलब्धि प्राप्त गर्न मूल्याङ्कन चाहिन्छ । मूल्याङ्कन एक पक्षीय जस्तो देखिए तापनि भाषा शिक्षणपश्चात्

भाषिक सीप, बोध, शब्दभण्डार आदिको मूल्याङ्कन हुने गर्दछ । यसलाई कुनै समयको परिधिभित्र सीमित नगरी निरन्तर रूपमा उनीहरूको प्रगति विवरण राख्नु पर्दछ । यसले विद्यार्थीको कमजोरी पत्ता लगाउने, उपयुक्त शिक्षण विधिको छनोट गर्ने, कमजोरी निराकरण गर्ने तरिका पत्ता लगाउने, भाषा सिकाइका कार्यकलापहरूको निरूपण गर्ने जस्ता कुराहरू समावेश गरिएका छन् ।

सुरज पौडैलद्वारा वि.सं. २०६० सालमा तयार गरिएको "प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन" नामक शोधपत्रमा भाषिक मूल्याङकनको चर्चा गरेको पाइन्छ । प्राथमिक तहमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकले भाषा पाठ्यक्रममा निर्धारित आन्तरिक परीक्षासम्बन्धी ज्ञानको स्तर पत्ता लगाउने, नेपाली भाषिक मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङ्कन गर्दा प्रयोगमा ल्याइएका साधनहरू पहिचान गर्ने, ती क्रियाकलाप तथा साधनले सुनाइ, बोलाइ जस्ता भाषिक सीपलाई समान रूपमा समेटन सके-नसकेको पत्ता लगाउने, कक्षोन्नति गर्दा आन्तरिक मूल्याङ्कनको गणना भए, नभएको, पत्ता लगाउने आदि मुख्य उद्देश्यमा प्रस्तुत शोध केन्द्रित रहेको छ । त्यसमा कक्षा पाँचको नेपाली विषयको पाठ्यक्रममा आन्तरिक परीक्षाको रूपमा सुनाइ र बोलाइ सीपको मूल्याङ्कन गर्नपर्ने कुरालाई यस शोधपत्रले निर्देश गरेको छ । उनका अनुसार भाषिक मूल्याङ्कनमा विषयगत परीक्षाले प्रमुख स्थान ओगटेको तर औपचारिक परीक्षाबाट मात्रै सही रूपमा भाषिक मूल्याङ्कन हुन नसक्ने कुरा व्यक्त भएको छ, त्यसैले विभिन्न साधन र तरिकाद्वारा भाषिक मूल्याङ्कन गर्ने परिपाटी सिद्धान्तमा उल्लेख गरिए तापनि व्यवहारमा सबै साधन प्रयोगमा आएको पाइँदैन भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।
पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित "प्राथमिक तहमा नेपाली भाषा शिक्षण कसरी गर्ने?" भन्ने पुस्तकमा विद्यार्थीको सिकाइ प्रगाति लेखाजोखासम्बन्धी तरिका उल्लेख भएको पाइन्छ । त्यसैगरी पाठ्यक्रम विकास केन्द्रले नै प्रकाशित गरेको "निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक तालिम पुस्तिका" मा विद्यार्थीहरूको आवधिक प्रगति विवरण अध्ययनप्रति जोड दिएको पाइन्छ ।

त्यसैगरी वि.सं. २०६४ मा मीनप्रसाद अधिकारीद्वारा तयार पारिएको "कक्षा तीनका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन"नामक शोधपत्रमा ६

महिनाको शिक्षणपछि विद्यार्थीहरूमा देखिएको नेपाली भाषा सिकाइको प्रगति विवरण प्रस्तुत गरिएको छ। प्रत्येक महिनामा १०० पूर्णाङ्कको परीक्षा लिई सबैको अभिलेख राखेर उनीहरू कक्षा प्रवेश गर्दाको र ६ महिनापछिका सिकाइको स्थिति र ६ महिना पछिको प्रगति विवरण, निष्कर्ष र सुझाब सहित प्रस्तुत गरिएको छ । सो शोधपत्रमा पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक तथा उत्तरपरीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । यी सबै तरिकाबाट अध्ययन अनुसन्धानको प्रगति विवरण हेर्दा ६ महिना अघि गरिएको परीक्षणभन्दा ६महिना पछिको परीक्षण सरदर ७% ले सिकाइको स्तर वृद्धि भएको देखिन्छ।

त्यसैगरी निरन्तर विद्यार्थी मूल्याङ्कन तथा भाषिक मूल्याङ्कनसम्बन्धी उल्लेख गरिएका केही पाठ्यपुस्तक पनि रहेका छन् । विद्यार्थी पुस्तक भण्डारबाट पाँचौं संस्करणको रूपमा प्रकाशित हेमाङ्गराज अधिकारीको "नेपाली भाषा शिक्षण" मा शैक्षणिक कार्यकलापका क्रममा विद्यार्थीहरूले समय-समयमा के कति प्रगति गरे वा उनीहरूको भाषिक क्षमता वा सम्पादन के कस्तो छ भन्ने कुराको जानकारी शिक्षकलाई हुन जरुरी छ। मुल्याङ्कनद्वारा नै विद्यार्थीको शैक्षिक उन्नति र अवन्नतिको सही लेखाजोखा प्राप्त हुने कुरा उल्लेख गरेको छ। यसलाई पनि शिक्षण सिकाइको पथ प्रदर्शकका रूपमा हेर्न सकिन्छ।

यसैगरी लक्ष्मी ढुङ्गेलको शोधपत्र (२०६५) मा पनि विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन गरेको पाइन्छ। उक्त अध्ययनमा विद्यार्थीको ६ हप्तासम्मको समयावधि राखिएको छ। कक्षा ५का विद्यार्थीलाई नमुनाको रूपमा लिई सिकाइका सुरुको र अन्त्यको अवस्थाको तुलना, व्याख्या र विश्लेषण गरेकी छन् । यसबाहेक उनले भाषिक व्यवहार, कक्षाकार्य, गृहकार्यको पनि लेखाजोखा गरेकी छन्।

विद्यार्थीहरूको प्रगति विवरण राख्ने र निरन्तर मूल्याङ्कनसम्बन्धी उल्लेख भएका कतिपय कुराहरू हाम्रा पाठ्यपुस्तकमा मात्र सीमित छन् । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया कक्षा ३ सम्म लागू गर्ने निर्णय भए तापनि उचित तरिकाले लागू हुन सकेको छैन। अहिले नेपाल सरकारले प्राथमिक तहमा निरन्तर मूल्याङ्कन भनेर नेपालका धेरै जसो जिल्लामा लागू गर्न थालिसकेको छ।

यस क्रममा विद्यार्थीहरूको प्रगति विवरणसम्वन्धी अध्ययन गरिएका सोधपत्र एकदमै नगन्य मात्रामा पाइन्छ। आफूभन्दा अगाडिका अग्रजहरूले गरेका शोधपत्रको अध्ययन कक्षा ३ सम्म मात्र गरेको पाइन्छ । प्रथामिक कक्षाका माथिल्ला कक्षामा पनि निरन्तर मूल्याङ्कनको प्रभावकारिता पहिल्याउन यो शोधपत्रमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको ६ हप्तासम्मको निरन्तर मूल्याङ्कनको अध्ययन विश्लेषण गरिएको छ।

निरन्तर मूल्याङ्कन प्रक्रिया लागू गर्दा के कति शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ भन्ने कुराको अध्ययन यो शोधपत्रमा गरिएको छ । यसमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीको भाषा सिकाइको क्रममा विद्यार्थीको सहभागिताको प्रकृति उल्लेख गरिएको छ। यस क्रमको सुरुमा पूर्व परीक्षा लिइएको छ । त्यसपछि कक्षाकार्य, गृहकार्यका साथै १०-१० दिनको फरकमा आवधिक परीक्षा तथा प्रत्यक्ष अवलोकन निरीक्षण गरी त्यसको अभिलेख राखी विद्यार्थीको निरन्तर मूल्याङ्कनको प्रगति विवरण प्रस्तुत गरिएको छ । यसमा निरन्तर मूल्याङ्कनसम्बन्धी प्रक्रियाको प्रयोगात्मक अध्ययन गरिएको छ । यसरी प्रत्यक्ष रूपमा विद्यालयमा गएर विद्यार्थीको प्रगतिको लेखाजोखा गरिने यो शोधपत्र अन्य अध्ययन अनुसन्धानभन्दा पृथक किसिको रहेको छ।

## १.६. अध्ययनको महत्त्व / अध्ययनको औचित्य

विद्यार्थीको सिकाइ मूल्याङ्कन मुख्यतः दुई किसिमबाट गर्न सकिन्छ। जसमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन रहेका छन् । निर्माणात्मक मूल्याङ्कनमा शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीको सिकाइ उपलब्धि व्यवहार अतिरिक्त कार्यमा संलग्नता, विशेष घटना वा कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ भने निर्णयात्मक मूल्याङ्कनमा लिखित परीक्षाबाट प्राप्त प्राप्ताङ्कका आधारमा उत्तीर्ण, अनुत्तीर्ण आदिको स्तर निर्धारण गरिन्छ तर हाम्रो देशमा अहिलेसम्म पनि निर्माणात्मक मूल्याङ्कनभन्दा निर्णयात्मक मूल्याङ्कन नै बढी प्रयोग पाइन्छ।

प्रस्तुत निरन्तर मूल्याङ्कन भाषा शिक्षणसम्बन्धी मूल्याङ्कन हो । प्राथमिक शिक्षाको गुणात्मक विकास गरी सम्पूर्ण बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने नेपाल सरकारको नीति अनुरूप विभिन्न प्रयोगहरू भए तापनि सबै प्राथमिक तह उमेरका बालबालिका विद्यालय आउन सकेका छैनन् र आएका पनि बीचैमा कक्षा छोड्ने प्रवृति

रोकिएको छैन, यसलाई न्यूनीकरण गर्नका लागि २०५७/०५८ सालदेखि प्राथमिक तहमा उदार कक्षोन्नाति लागू गर्ने कार्य सुरु भएको छ । निरन्तर मूल्याङ्कन गर्दा नियमित विद्यालय आउने र बीचैमा कक्षा छोड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न सकिन्छ ।

विश्वव्यापीकरणको मान्यता अनुरूप कुनै एक देशमा उत्पादिन जनशक्तिले विश्वबजारमा प्रतिस्पर्धी भइ खपत हुन सक्नुपर्छ । यसका लागि विश्व परिवेशमा प्रचलित मूल्याङ्कनलाई समेत उपयोगमा ल्याउन सकियो भने मात्र प्रतिष्पर्धामा खरो उत्रिने जनशक्ति उत्पादन गर्न सकिन्छ । यी सबै कुराको आवश्यकता महसुस गरेर हाम्रो देशमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गर्न थालिएको हो ।

विद्यालयमा बीचैमा कक्षा छोड्ने, अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने दर बढी हुने र विभिन्न कक्षामा चढने दर कम हुने भएकाले ठूलो शैक्षिक क्षति व्यहोर्नु परको तीतो यथार्थ हाम्रा सामु छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमबाट न्यूनतम सर्त पूरा गर्ने विद्यार्थीलाई उदार कक्षोन्नति गर्ने प्रक्रिया प्राथमिक तहमा लागू भई सकेको छ ।
निर्णयात्मक मूल्याङ्कनले मात्र समेट्न नसकेका विभिन्न पक्षहरूलाइ यसले समेट्ने भएकाले यो निरन्तर मूल्याङ्कन प्रभावकारी र औचित्यपूर्ण रहेको छ ।
उपयुक्त कुराहरूलाई ध्यानमा राखी निर्माणात्मक मूल्याङ्कनको प्रयोग गरेर गरिएको यस शोधपत्रको महत्त्वलाई यसरी उल्लेख गर्न सकिन्छ ।

- कक्षामा पढाइ सुरु गर्दाको स्थिति र पढाइ सकेपछिको स्थितिमा भिन्नता देखाइएको छ ।
- सिकाइमा क्रममा विद्यार्थीहरूका त्रुटि र कमजोरीहरू औंल्याइदिने र उनीहरूलाई नयाँ कुरा सिक्न प्रोत्साहन गरिएको छ ।
- पूर्वपरीक्षा, कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य आदिका आधारमा विद्यार्थीमा भएको प्रगति विवरणको लेखाजोखा गरिएको छ ।
- यसरी विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धि, लिखित परीक्षा, गृहकार्य, कक्षाकार्य आदिको उपलब्धिलाई क, ख, ग समूहमा लेखाजोखा गरी विद्यार्थीको स्तर निर्धारण गरिएको छ ।

माथिका विभिन्न कामहरू गरी विद्यालयमा प्रत्यक्ष रूपमा संलग्न भएर गरिने यो अध्ययन विद्यार्थीको शैक्षिक प्रगतिको लेखाजोखा गर्नमा महत्त्वपूर्ण रहेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थीको प्रगति विवरण पत्ता लगाउन चाहने जो कोहीलाई र यस्तो अध्ययन गर्ने व्यक्तिलाई यो शोधपत्र औजारको रूपमा रहेकोछ ।

## १.७ अध्ययनको सीमाङ्कन

यो शोधपत्र सुनसरी जिल्ला इटहरी न.पा. वार्ड नं ३ स्थित श्री सरस्वती माध्यमिक विद्यालयका कक्षा ५ मा अध्ययनरत २८ जना विद्यार्थीहरूमा सीमित रहेको छ ।
सर्वप्रथम सुरु दिनदेखि ती विद्यार्थीहरूलाई पूर्वपरीक्षणका माध्यमबाट निरन्तर रूपमा भाषिक व्यवहार, कक्षाकार्य, गृहकार्य, लिखित परीक्षा, प्रश्नोत्तर, छलफल आदिका माध्यमले उनीहरूले नेपाली भाषा सिकाइमा गरेको प्रगति विवरणको अध्ययन गर्नमा सीमित रहेको छ । विद्यार्थीको मूल्याङ्कनका लागि ६ हप्तासम्मको समयावधि लिइएको छ । विद्यार्थीले गरेका प्रगतिलाई निरन्तर मूल्याङ्कन फाराममा भरेर विवरणात्मक रूपमा उल्लेख गरिएको छ । सिकाइको स्तरलाई निश्चित पूर्णाङ्क तोकी अभिलेख राखी उपलब्धि स्तर निर्धारण गरिएको छ । नेपाली भाषा सिकाइमा भएको प्रगति विवरणको लेखाजोखा गरी आवश्यक सुझाव तथा निष्कर्ष दिइएको छ ।

## १.८. शोधविधि वा अनुसन्धान विधि

यस शोधपत्रको अध्ययनका लागि विश्लेषणात्मक तथा प्रयोगात्मक ढाँचालाई आधार मानिएको छ । यो शोधपत्र तयार पार्न श्री सरस्वती माध्यमिक विद्यालय, इटहरी ३ सुनसरीका कक्षा ५ मा अध्ययनरत २८ जना विद्यार्थीलाई प्रयोग समूह मानिएको छ । कक्षा ५का विद्यार्थीको ६ हप्तासम्मको नेपाली पाठ्यपुस्तकको शिक्षणपश्चात् विद्यार्थीले गरेको नेपली भाषा सिकाइको प्रगति विवरण प्रस्तुत गरिएको छ । यसका लागि सर्वप्रथम पूर्व परीक्षणका रूपमा कक्षा ४ का स्तरका प्रश्नहरू प्रयोग गरिएको छ । पूर्व परीक्षणको नतिजालाई पनि निरन्तर विद्यार्थी मूल्याङ्कन फाराममा भरी अभिलेख राखिएको छ । त्यसैगरी विद्यार्थीले नियमित रूपमा गरेको कक्षाकार्यको अवलोकन, गृहकार्य, विद्यार्थी सहभागिता जस्ता कुरालाई निश्चित पूर्णाङ्क तोकी अङ्क दिइएको छ ।

६ हप्तासम्मको शिक्षणको क्रममा शिक्षण गरेको पाठबाट प्रत्येक १०-१० दिनमा लिखित परीक्षा लिइएको छ र त्यसको अभिलेख राखिएको छ । अन्त्यमा पूर्वपरीक्षण र ६ हप्तापछिको उनीहरूको प्रगति विवरण प्रस्तुत गरी निष्कर्ष र सुझाव समेत दिइएको छ ।

यसका साथै यो शोधपत्र तयार पार्न पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक तथा उत्तर परीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । लिखित परीक्षा लिँदा विषयगत र वस्तुगत दुवै प्रकृतिका प्रश्नहरू सोधिएको छ । प्रयोगात्मक विधिको प्रयोग गर्दा विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा विभिन्न भाषिक कार्य जस्तै सस्वरवाचन, प्रश्नोत्तर जस्ता कार्यमा संलग्न गराइएको छ । यस कार्यमा कक्षा ५ को “मेरो नेपाली किताब” पाठ्यपुस्तकलाई आधार स्रोत मानी प्रयोगात्मक तथा अवलोकन विधिको प्रयोग गरिएको छ । आवश्यकताअनुसार त्यस विषयसँग सम्बन्धित बिषय विशेषज्ञसँगै सल्लाह र सुझाव लिई तयार पारिएको छ ।

## १.९. शोध अध्ययनको रूपरेखा

प्रस्तुत शोध कार्यको रूपरेखा यस प्रकार रहेको छ ।

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | अध्ययन विधि |
| अध्याय तीन | : | निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि |
| अध्याय चार | : | भाषिक मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि |
| अध्याय पाँच | : | निरन्तर विद्यार्थी मूल्याङ्कनको व्याख्या र विश्लेषण |
| अध्याय छ | : | पूर्वपरीक्षण र उत्तरपरीक्षण बीचको तुलना |
| अध्याय सात | : | निष्कर्ष र सुझाव |

# अध्याय दुई

# अध्ययन विधि

## २.१. जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

अध्ययन अनुसन्धानमा प्रयोग हुने समूह नै जनसङ्ख्या वा प्रधिनिधि नमुना हो । जुनसुकै कुराको अध्ययनका लागि पनि जनसङ्ख्याको आवश्यकता पदर्छ । यो शोधपत्र तयार गर्ने क्रममा पनि जनसङ्ख्याको नमुना छनोट विधि अपनाइएको छ । अध्ययनको क्रममा विद्यार्थीलाई तोकिएको अवधिको शिक्षणपश्चात् विद्यार्थीमा आएको सिकाइ प्रगतिको अभिलेखमा आधारित छ । यसका लागि सुनसरी जिल्लाको सरकारी विद्यालय श्री सरस्वती मा.वि.का कक्षा ५मा अध्ययनरत २८ जना विद्यार्थीलाई लिइएको छ । तिनै विद्यार्थीलाई नमुना मानेर अध्ययनलाई अगाडि बढाइएको छ ।

## २.२. सामग्री निर्माण

जुनसुकै शोधलाई अगाडि बढाउनका लागि सर्वप्रथम अध्ययनका अवस्थालाई ध्यानमा राखेर सामग्री निर्माण गर्नुपर्दछ । यस अध्ययनलाई अघि बढाउनको लागि आधार तथा गौण सामग्रीको प्रयोग गरिएको छ ।

### २.२.१. आधार सामग्री

यस शोधपत्रको आधार सामग्रीका रूपमा कक्षा ५मा अध्यापन गराइने “मेरो नेपाली किताब” रहेको छ । यसमा सामग्री निर्माणकै क्रममा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ), शब्दभण्डार, शब्दज्ञान जस्ता पक्षलाइ आधार मानेर पूर्वपरीक्षणका लागि १०० पूर्णाङ्कको कक्षँ ४को स्तरको प्रश्नपत्र निर्माण गरी परीक्षा लिइएको छ । त्यसैलाई विद्यार्थीको भाषिक अवस्थाको रूपमा पूर्वपरीक्षण भनिएको छ । त्यसपछि कक्षा ५ को मेरो नेपाली किताबबाट अभ्यास र अन्य सृजनात्मक उत्तर लेख्न सक्ने खालका प्रश्नपत्र निर्माण गरी प्रत्येक १०-१० दिनमा आवधिक परीक्षा लिइएको छ । यसै क्रममा आवधिक परीक्षाका प्रश्नपत्र निर्माणपश्चात् उत्तरपरीक्षणका लागि ६ हप्तासम्मको समयावधिमा अध्ययापन गराइएका पाठहरूबाट शब्दभण्डार , शब्दज्ञानका साथै सृजनात्मक अभ्यास, उत्तर लेखन

जस्ता कुरा उल्लेख गरी भाषिक सीपलाई समेट्ने खालको १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ । अन्त्यमा पूर्वपरीक्षण र उत्तरपरीक्षणको प्राप्ताङ्कको मूल्याङ्कन गरी तुलनात्मक तालिकामा देखाइएको छ ।

### २.२.२. गौण सामग्री

अनुसन्धानमा प्रायः प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीलाई नै बढी विश्वासनीय र उपयुक्त मान्ने गरिन्छ, अझ बढी प्रभावकारी बनाउन द्वितीयक स्रोतका सामग्रीलाई पनि बढी आधिकारिक मान्नु पर्ने देखिन्छ । यो शोधपत्र तयार पार्न द्वितीयक सामग्रीका रूपमा पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशन गरेको निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका र मूल्याङ्कन फारामहरू रहेका छन् । डा. हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति' पुस्तकमा उल्लेख गरिएका भाषिक मूल्याङ्कनसम्बन्धी कुरालाई पनि यसका गौण सामग्री मानिएको छ । "डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको 'नेपाली भाषा र साहित्य शिक्षण' भन्ने पुस्तकमा भएका भाषिक सीपलाई पनि गौण सामग्रीको रूपमा लिइएको छ । अन्य शिक्षक अध्यापन अनुमति पत्रबाट पनि भाषिक सीपको शिक्षणका तरिकाहरू गौण सामग्रीको रूपमा लिइएको छ । लगातार रूपमा ६ हप्तासम्मको प्रत्यक्ष कक्षा शिक्षणपश्चात् प्राथमिक र गौण सामग्रीको तालमेल मिलाई यो शोधपत्र पूरा गरिएको छ । विद्यार्थीको भाषिक व्यवहार जाँच गर्न कक्षाकार्य, गृहकार्य जस्ता पक्षमा प्रत्यक्ष अवलोकन र संलग्नताका आधारमा निश्चित पूर्णाङ्क तोकी परीक्षा लिइएको छ ।

## २.३. तथ्याङ्क विश्लेषण

प्राप्त प्राप्ताङ्कको व्याख्या तथा विश्लेषणका लागि पूर्वपरीक्षण तथा उत्तरपरीक्षण बीचको तुलानात्मक अध्ययन गरिएको छ । प्रत्येक १०-१० दिनको आवधिक परीक्षाको परीणाम, तालिकीकरण र वर्गीकरण गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

## २.४. निष्कर्ष

प्रस्तुत शोधपत्र तयार पार्नका लागि पूर्वपरीक्षण, कक्षाकार्य, गृहकार्य, आवधिक परीक्षा आदिको अध्ययन गर्न निश्चित जनसङ्ख्याको छनौट गरिएको छ । प्रतिनिधि नमुना छनौट,

सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता कुराहरूको उपयोग गरिएको छ । छनौट गरिएका सामग्री सकेसम्म विश्वसनीय,  व्यवहारिक तथा भरपर्दो बनाउन प्रत्यक्ष कक्षा अवलोकन विधिलाई अपनाइएको छ । ६ हप्तासम्मको प्रत्यक्ष शिक्षणका क्रममा देखिएका प्रगति विवरणलाई पूर्वपरीक्षण र उत्तरपरीक्षण बीचका तुलानात्मक तालिकामा प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

# निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि

## ३.१. परिचय

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइको क्रममा नियमित रूपमा गरिने अनौपचारिक प्रकारको मूल्याङ्कन प्रणाली हो । यस मूल्याङ्कनमा परीक्षालगायत मूल्याङ्कनका अन्य साधनहरू पनि उत्तिकै महत्त्वका साथ प्रयोग गरिएको छ । प्राथमिक शिक्षाको गुणात्मक विकास गर्ने उद्देश्यले नेपाल सरकारको नीति अनुरूप विभिन्न प्रयासहरू भएका छन् तर पनि प्राथमिक तहमा सबै बालबालिकाहरू विद्यालय आउन सकेका छैनन् र आएका पनि बीचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, सङ्ख्यामा कमी आउन सकिरहेको छैन ।

एकोहोरो शिक्षण प्रणालीबाट मात्र वास्तविक उपलब्धि हासिल गर्न सकिदैन । शिक्षण कति प्रभावकारी भयो, विद्यार्थीले के कस्ता सिकाइ उपलब्धि हासिल गरे, के कस्तो मात्रामा उपलब्धि भयो, शिक्षण विधि कत्तिको उपयोगी भयो, पाठ्यसामग्री तथा पूरक सामग्रीको के कस्तो उपयोगिता छ, जस्ता प्रश्नहरूले शिक्षणमा निरन्तर मूल्याङ्कन - अनुगमन गर्नुपर्ने कुरालाई औंल्याउँछ । लिखित मूल्याङ्कनले समेट्न नसकिएका भाषिक सीपलाई निरन्तर मूल्याङ्कनको सहायताले समेट्न सकिन्छ । यसरी निरन्तर मूल्याङ्कनबाट निरीक्षण अवलोकन गरेर सिकाइका कठिनाइ र गलत कुराहरूलाई सुधार्न भाषा शिक्षकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपदर्छ । विद्यार्थीलाई प्रयोगात्मक अभ्यासमा सहभागी गराएर रचनात्मक सुधार गर्ने तर्फ प्रेरित गर्नुपदर्छ । सन्दर्भअनुसारका मौखिक प्रश्नोत्तर, लिखित प्रश्नोत्तर गराएर विद्यार्थीको शिक्षणीय प्रभाव र उपलब्धि पत्ता लगाई रहनु पदर्छ । बेलाबेलामा समसामायिक किसिमका परीक्षाहरू सञ्चालन गरेर प्राप्त परिणामको अभिलेख राख्नु पदर्छ सोही अभिलेखका आधारमा विद्यार्थीका श्रेणी, समूह र कक्षा निर्धारण गर्नुपदर्छ । यति मात्र नभइ परीक्षा प्रणालीको समेत मूल्याङ्कन गरेर त्यसलाई सुधार र परिमार्जन गरी शिक्षण-मूल्याङ्कन शिक्षणको चक्रीय पद्धतिको अवलम्बन गर्नुपर्दछ, (शर्मा र पौडेल २०६० :१५, नेपालीभाषा र साहित्य शिक्षण ) ।

विद्यार्थी मूल्याङ्कन मुख्यतः दुई किसिमले गर्न सकिन्छ । ती हुन - निर्माणात्मक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कन । निर्माणात्मक मूल्याङ्कनमा शिक्षण सिकाइ क्रियाकलाप

विषयगत रूपमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिहरू, सामजिक बानी व्यवहार, अतिरिक्त कार्यमा संलग्नता जस्ता कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ भने निर्णयात्मक मूल्याङ्कनमा पेपर पेन्सिल टेष्टको परीक्षाबाट प्राप्ताङ्कका आधारमा उत्तीर्ण अनुत्तीर्ण आदिको स्तर छुट्ट्याइन्छ ।

निरन्तर परीक्षा लिनु मात्र निरन्तर मूल्याङ्कन होइन, माथि उल्लेख गरिएका बानी व्यवहार प्रयोगात्मक कार्य अवलोकन आदिको आधारमा समेत मूल्याङ्कन गर्न सकिन्छ । निरन्तर मूल्याङ्कनमा शिक्षकलाई पूर्ण स्वतन्त्रता हुनु पदर्छ । तसर्थ शिक्षकले शिक्षण गर्दाको क्रममा कुन पाठमा के कस्ता मूल्याङ्कनका साधन वा तरिका प्रयोग गर्नुपर्छ भन्ने सम्बन्धमा प्रत्येक पाठमा भएका प्रश्नोत्तरलगायतका अन्य अभ्याससमेतको आधार लिनुपर्छ । मौखिक प्रश्नोत्तर, परियोजना कार्य हाजिरी, व्यवहार अवलोकन आदिका माध्यमबाट नियमित रूपमा विद्यार्थीको मूल्याङ्कन गर्ने प्रक्रिया नै निरन्तर मूल्याङ्कन हो, ( स्रोत निरन्तर वि. मूल्याङ्कन कार्यान्वयन सहयोगी पुस्तिका २०६८ पा.वि.के) ।

## ३.२. निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरू

विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने काम नै विद्यार्थी मूल्याङ्कन हो । मुख्यतः मूल्याङ्कन दुई उद्देश्यका लागि गरिन्छ एउटा उद्देश्य विद्यार्थी पास फेल, श्रेणी छुट्ट्याउन गरिन्छ जसलाई भने निर्णयात्मक मूल्याङ्कन भनिन्छ । अर्को सिकाइ कार्यकलापमा देखिएका कमी कमजोरीलाई सुधार्न शिक्षणकै क्रममा गरिने मूल्याङ्कन हो, त्यसलाई निर्माणात्मक भनिन्छ । यसमा विद्यार्थीलाई पृष्ठपोषण दिई सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यार्थी केन्द्रित शिक्षण सिकाइको उपयोग गरी सिकाइलाई प्रभावकारी बनाउनु नै यसको मुख्य उद्देश्य हो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रमुख विशेषता निम्ननुसार रहेका छन् :

- हरेक शिक्षण क्रियाकलापसँगै बारम्बार गरिने मूल्याङ्कन नै निरन्तर मूल्याङ्कन हो ।

- निरन्तर मूल्याङ्कन अनौपचारिक मूल्याङ्कन प्रणालीअन्तर्गत पर्ने भएकोले कुनै पनि समयमा विभिन्न माध्यम (अवलोकन, मौखिक प्रश्नोत्तर आदि) बाट विद्यार्थीको मूल्याङ्कन गरिन्छ ।
- विशेषत यो मूल्याङ्कन कक्षा चढाउने कुराको निर्णयभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणको रूपमा उपयोग गरिन्छ ।
- निरन्तर मूल्याङ्कनबाट कमजोर विद्यार्थीलाई सुधारात्मक शिक्षण गरी उसको स्तर उकास्न र तेज विद्यार्थीलाई समेत थप हौसला दिलाउन पनि मद्दत पुग्दछ ।

## ३.३. निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य र कार्य

एकातिर निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य सामान्य अर्थमा विद्यार्थीमा आएको प्रगतिको लेखाजोखा गर्नु हो भने अर्कोतिर निरन्तर मूल्याङ्कन प्रणालीको अवलम्वन गरी उदार कक्षोन्नति गरी विद्यार्थीको सिकाइमा देखिएका कमी कमजोरीको निराकरण गरी प्रोत्साहन दिनु हो । निरन्तर मूल्याङ्कनका लागि विद्यँर्थीको सक्रियतालाई अवलोकन गरी अभिलेख राख्नुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन (कार्यक्रम पुस्तिका २०५६) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनका उद्देश्य तथा कार्य निम्न लिखित रहेका छन् :-

- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा मूल्याङ्कनका विभिन्न माध्यम र साधन प्रयोग गरी विद्यार्थीका निरन्तर मूल्याङ्कन गर्ने,
- मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि प्रयोग गर्ने,
- विद्यार्थीलाई नियमित विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गर्ने,
- जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत दिने,
- पठनपाठन र अन्तिम परीक्षामा फेल भएका कारण बीचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या न्यून गराइ अधिकतम बालबालिकालाई प्राथमिक शिक्षा पूरा गराउने,
- कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या न्यून गराउने,
- विद्यार्थीमा परीक्षासम्बन्धी सन्त्रास कम गराउने,

) यस मूल्याङ्कन प्रणालीका माध्यमबाट उदार कक्षोन्नतिको नीति लागू गर्ने

स्रोत: शिक्षक अध्यापन अनुपतिपत्र दिग्दर्शन)

### ३.४. अध्यायनका आधार

कुनै पनि अध्ययन विश्लेषण बिना आधार गरिएको हुँदैन । निश्चित आधारमा नै गरिएको हुन्छ । अतः यस शोधपत्रमा पनि दुई आधारहरू आन्तरिक आधार र वाध्य आधार अवलम्वन गरिएका छन् :

#### ३.४.१. आन्तरिक आधार

आन्तरिक आधारमा विद्यार्थीको नियमित अवलोकन गरी अध्ययन गरिन्छ । विद्यार्थीले कक्षा सहभागितामा देखाउने पक्ष जस्तै कक्षाकार्य, गृहकार्य, व्यवहार परिवर्तन, सृजनात्मक लेखन जस्ता कम औपचारिक परीक्षा प्रणाली नै आन्तरिक आधार हुन् । यी आधारले विद्यार्थीको सिकाइमा पृष्ठपोषणको काम गरेको हुन्छ ।

#### ३.४.२. बाह्य आधार

आन्तरिक आधार बाहेकका अन्य परीक्षाहरू नै बाह्य आधार हुन् । जस्तै-पूर्वपरीक्षण, आवधिक परीक्षा, उत्तरपरीक्षण आदि पर्दछन् । विद्यार्थीलाई औपचारिक परीक्षाका माध्यमबाट निश्चित अङ्क प्रदान गरी उनीहरूले प्राप्त गरेका सिकाइ उपलब्धि विवरण देखाइन्छ ।

### ३.५. निष्कर्ष

आवश्यकताअनुसार हरेक शिक्षण सिकाइ कार्यकलापसँगै बारम्वार गरिने निरन्तर मूल्याङ्कनबाट प्रतिभावान विद्यार्थीलाई थप हौसला मिल्ने र कमजोर विद्यार्थीलाई उसको उपलब्धि स्तर बढाउन मद्दत पुग्दछ । विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न दुई किसिमका मूल्याङ्कन गर्ने प्रचलन छ । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीको स्तर निर्धारण गर्दछ भने निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिको नियमित मूल्याङ्कनका विभिन्न साधन र माध्यमको प्रयोगगरी विद्यार्थीमा आएको सिकाइ उपलब्धिको लेखाजोखा

गर्ने उद्देश्य लिइएको छ । मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि प्रयोग गर्नुपर्छ । परीक्षासम्बन्धी सन्त्रास कम गराउन, कक्षा दोहोऱ्याउने र बीचैमा कक्षा छाड्ने दर न्यून गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ । निश्चित उद्देश्य र कार्यका साथ अगाडि बढेको निरन्तर मूल्याङ्कन प्रक्रिया आन्तरिक र बाह्य गरी दुई आधारमा आधारित भई अगाडि बढेको छ ।

# अध्याय चार

# भाषिक मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि

## ४.१. परिचय

शैक्षणिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँगै जोडिएर आएको हुन्छ । भाषा शिक्षण भनेको भाषा विषयको मात्र शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषाका सीपपरक अपेक्षासित सान्दर्भिक हुने भाषा तात्त्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गबाहेक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष ( सुनाइ र पढाइ) र अभिव्यक्ति पक्ष ( बोलाइ र लेखाइ)संग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ । यसको मूल उद्देश्य विद्यार्थीको क्षमता स्तर आकलन गर्नु मात्र नभएर शिक्षण प्रक्रियाको प्रभावकारिता जाँच्नु पाठ्यांशका सरल र जटिल अंश छुट्ट्याउनु, शिक्षण सामग्रीको उपयोगिता र प्रभावकारिताको निर्क्योल गर्नु, शिक्षण विधि एवं प्रक्रियाको प्रभावकारीको परीक्षण गर्नु तथा समग्रमा भाषा सिकाइका कठिनाइ र समस्या क्षेत्रहरू पत्ता लगाएर निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु पनि रहेको हुन्छ । ( स्रोतः शर्मा र पौडेल : नेपाली भाषा र साहित्य शिक्षण पृष्ठ २१७)

मूल्याङ्कन भनेको कुनै पनि कुराको मूल्य निर्धारण गर्ने एउटा प्रक्रिया हो । मूल्याङ्कनबाट नै कुनै पनि कुराको लेखाजोखा गर्न सकिन्छ कुनै कार्यको प्रभावकारिता, निधारित उद्देश्य जस्ता कुराहरू मूल्याङ्कनमै निर्भर हुन्छन् ।  त्यसैले मूल्याङ्कन समग्र कार्यक्रमको एउटा महत्त्वपूर्ण अङ्ग हो । भाषा शिक्षणका क्रममा पनि मूल्याङ्कनको महत्त्वपूर्ण स्थान हुन्छ । भाषिक मूल्याङ्कन सीपसँग जोडिएको हुन्छ । मूल्याङ्कन बिनाको भाषा शिक्षण आफैमा लुलो लङ्गडो बन्न जान्छ । ( अधिकारी, २०५०, २०९)

भाषिक मूल्याङ्कन भनेको भाषासँग सम्बन्धित शिक्षक र विद्यार्थीका लागि मात्र होइन यो त भाषा पाठ्यक्रम निर्माता भाषाविज्ञ तथा शिक्षा विदहरूका लागि पनि उत्तिकै उपयोगी सिद्ध भएको देखिन्छ । भाषा पाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न पनि भाषिक मूल्याङ्कनले मद्दत पुऱ्याउँछ ।  भाषिक सीप, भाषातत्त्वका सरलता, जटिलता, सान्दर्भिकता तथा प्रयोजनपरकता बारेमा निर्णय लिने आधार पनि यसले बनाउँछ । भाषिक मूल्याङ्कबाटै

पाठ्यांश, शिक्षण विधि, शिक्षण साधन, विद्यार्थीका रूचि, प्रवृत्ति, क्षमता र स्तर अनुकुल भए नभएको पर्याप्त जानकारी पाइन्छ । भाषिक समस्याको गम्भीर लेखाजोखा गरी त्यसको निराकरणका उपायको प्रभावकारी उपायहरूको समेत लेखाजोखा गर्ने कार्य भाषिक मूल्याङ्कनमै आधारित रहन्छ ।

मूल्याङ्कनलाई शिक्षकले भाषिक क्षमता स्तर पत्ता लगााउन र  भाषा शिक्षणको प्रभावकारीता पत्ता लगाउन प्रयोगमा ल्याउन सक्छन् भने विद्यार्थीले पनि आफ्ना कमी कमजोरी, सफलता, असफलता आदि मूल्याङ्कनकै परिणामबाट पत्ता लगाउँछन् । जसबाट उनीहरूमा पढाइप्रति सचेतना बढाउँछ । यी सबै कुरालाई विचार गर्दा मूल्याङ्कन शिक्षणको सहयोगी तथा अभिन्न अङ्ग हो भन्नु अत्युक्ति हुँदैन । भाषिक सीप तथा भाषाका खास पक्षमा शिक्षार्थीलाई खास अभ्यास वा निराकरणात्मक अभ्यास गर्नुपरेमा पनि मूल्याङ्कन एउटा उपाय हुन सक्छ । सोही कुराबाट शिक्षार्थीले आफ्नो कमी कमजोरी पत्ता लगाउन सक्छन् ( अधिकारी , २०५९ : ३१२) यसबाट के कुरा पत्ता लगाउन सकिन्छ भने भाषिक मूल्याङ्कन शिक्षणका सम्पूर्ण शौक्षणिक प्रक्रियासँग सम्बन्धित छ र यसलाई विभिन्न प्रयोजनका लागि उपयोग गर्न सकिन्छ ।

## ४.१.१ प्राथमिक तहमा कक्षा ५ का विद्यार्थीहरूको भाषिक मूल्याङ्कन

नेपालको सन्दर्भमा हेर्दा प्रँथमिक तहमा विद्यार्थीहरूको भाषिक मूल्याङ्कनको स्थिति अझै पनि पुरानै अवस्थाबाट गुज्रिरहेको छ । शिक्षामा गुणात्मकताको कसीको मापनका रूपमा लिखित परीक्षालाई लिने गरिन्छ । भाषा विषयको मूल्याङ्कन लिखित परीक्षाबाट मात्र सम्भव हुँदैन । भाषाका विभिन्न पक्ष सुनाइ, बोलाइ, पढाइ आदिको लिखित परीक्षाबाट सही मूल्याङ्कन हुन सक्दैन । नेपाली भाषाको सन्दर्भमा यी पक्षहरूलाई जुन पक्ष लिखित परीक्षाका माध्यमबाट समेट्न नसकिएका छन् तिनलाई निरन्तर मूल्याङ्कनको परिपाटीबाट समेट्न सकिन्छ । तर अझै पनि हाम्रो देशमा पेपर पेन्सिल टेष्टलाई नै परीक्षाको सर्वोत्तम तरिका मान्ने चलन यथावत देखिन्छ ।

पाठ्यक्रमको अपेक्षालाई वास्ता नगरी पाठ्यपुस्तकलाई मात्र भाषा शिक्षणको आधार बनाएर त्यसका पाठले अँगालेका विषयवस्तुको ज्ञान र विवेचनामा जोड दिने परम्परा हटेको छैन ।

भाषिक मूल्याङ्कनमा भाषिक सीपको र तिनको प्रयोग दक्षताको मूल्याङ्कनतर्फ भन्दा विषयवस्तुको ज्ञानको मूल्याङ्कन गर्न तर्फ बढी झुकेको पाइन्छ । भाषाका विभिन्न पक्ष जस्तैः सुनाइ, बोलाइ, पढाइ आदिको उचित मूल्याङ्कन नभै लेखाइको मात्र मूल्याङ्कन गर्ने परिपाटीले भाषिक सीपको उचित मूल्याङ्कन हुन नसकेको कुरालाई अझ प्रस्ट्याउँछ । त्यसैले गर्दा भाषिक मूल्याङ्कनले सही दिशा समातेर हिड्न सकेको देखिदैन ।
भाषिक सीपअन्तर्गत पढाइ सीपको सस्वरवाचन क्षमता र प्रभावकारी वाचन क्षमताको लिखित मूल्याङ्कन गर्ने गरिदैन, त्यसैगरी सुनाइ सीपका लागि ध्यानपूर्वक सुन्ने र बुझ्ने, स्पष्ट र स्तरीय उच्चारण गर्ने, अनुतान मिलाउने, गति, यति र आधात मिलाउने, भाषिकेतर हाउभाउ, मुखमुद्रा मिलाउने श्रोताको ध्यानलाई आफूतिर आकर्षित गर्ने, उचित भाषा शैलीको प्रयोग गर्ने आदि कुराको मूल्याङ्कन लिखित परीक्षाबाट सम्भव छैन । भाषिक विषयका मूल्याङ्कनको प्रयोगात्मक परीक्षण परिपाटी नभएकाले विद्यार्थीले वर्ष भरिमा पढेका कुरालाई ३ घण्टाको लिखित परीक्षामा समेट्न नसक्ने कुरा निर्विवाद छ । भाषाका यी विभिन पक्षलाई कसरी समेटेर उचित मूल्याङ्कन गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिने फुर्सद कसैलाई छैन । यिनै अज्ञानता, अल्पज्ञान, वेवास्ताका कारणले प्रारम्भिकदेखि उच्च कक्षासम्मको भाषाको मूल्याङ्कन एउटा औपचारिक दैनन्दिनीका रूपमा भएको देखिन्छ । यी सबै कुरालाई विचार गर्दा भाषिक मूल्याङ्कनका सबै पक्षको सही मूल्याङ्कन हुन सकिरहेको छैन । जसरी अङ्ग्रेजी विषयमा पनि पेन्सिल पेपर टेष्ट हुन्छ त्यसैगरी नेपाली विषयमा पनि भाषिक मूल्याङ्कनका विभिन्न पक्षहरू जस्तै प्रयोगात्मक परीक्षा निरीक्षण, अवलोकन, हाउभाउ आदि विभिन्न कुराको पनि मूल्याङ्कन हुनुपर्ने कुरा टडकारो रूपमा देखिएको छ ।

भाषिक मूल्याङ्कन भन्नाले भाषाको मूल्याङ्कन वा भाषिक सीपको मूल्याङ्कन भन्ने बुझिन्छ । भाषाका सीपहरू भन्नाले सुनाइ, बोलाइ पढाइ र लेखाइ पर्दछन् । यी चारैवटा सीपको एक अर्कोमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा विषयमा यी चारै सीपको उत्तिकै महत्त्व रहेको छ । भाषा विषयमा विषयवस्तु गौण र भाषिक सीपहरू प्रमुख रहन्छन् । सुनाइ र बोलाइ सरल एवं पूर्ववर्ती सीप हुन् भने पढाइ र लेखाइ जटिल र उत्तरवर्ती सीप हुन् । श्रवण कलाअर्न्तगत कविता श्रवण, श्रुतिलेखन, रेडियो सुन्ने, अर्न्तवार्ता गीतश्रवण आदिका माध्यमबाट अभ्यास गराएर श्रवणकलाको विकास गराउन सकिन्छ । बोलाइ सीपका

लागि पनि विभिन्न कियाकलाप, भाषण, वादविवाद, भूमिका आदि गर्न लगाइ त्यसको सही मूल्याङ्कन हुनुपर्छ ।

## ४.२ भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

### ४.२.१ पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण

भाषिक मूल्याङ्कनको भरपर्दो सरल र व्यवहारिक साधन भाषिक परीक्षण नै हो । त्यसैले भाषिक परीक्षणलाई भाषा शिक्षण र मूल्याङ्कनकै अभिन्न अङ्ग मानिन्छ । भाषिक मूल्याङ्कनका लागि अपनाइने परीक्षण प्रणाली भाषा पाठ्यक्रमका उद्देश्य अनुरूप तय गरिएको हुनुपर्दछ । भाषा पाठ्यक्रमको उद्देश्य भाषिक सीपसँग सम्बद्ध छ तर परीक्षण भाषाका विषयमा केन्द्रित रहयो भने त्यस्तो परीक्षण र मूल्याङ्कनले भाषा शिक्षण र सिकाइमा कुनै मद्दत पुऱ्याउन सक्दैन । शिक्षण प्रक्रिया सीपपरक छ परीक्षण विषयपरक भएमा त्यस्तो मूल्याङ्कनको कुनै महत्त्व हुँदैन । यसरी भाषिक मूल्याङ्कन भाषा पाठ्यक्रमका शिक्षण उद्देश्य अनुरूपको शिक्षण र परीक्षणमा आधारित भएमा मात्र त्यसबाट सकारात्मक सहयोग लिन सकिन्छ । भाषिक मूल्याङ्कन सर्वप्रथम पाठ्यक्रम विश्लेषणमा आधारित हुनुपदर्छ साथै पाठ्यक्रमका समग्र पक्षहरूको मूल्याङ्कन हुन सक्ने प्रामाणिक परीक्षण उद्देश्यमा आधारित हुनु अपरिहार्य हुन्छ ।

### ४.२.२ प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनौट

भाषिक मूल्याङ्कन एउटै मात्र उद्देश्यले नगरी विभिन्न प्रयोजनले गर्ने गरिन्छ । खास कक्षा वा तहमा प्रवेश गर्न, विद्यार्थीका खास भाषिक सीप र खास पक्षतर्फको झुकाव थाहा पाउन, भाषिक पक्षमा रहेका कमी कमजोरी हटाउन, विद्यार्थीको वर्गीकरण गर्न, शिक्षणीय वस्तुको लेखाजोखा गर्न पनि मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनमा के को परीक्षण गर्ने भन्ने कुरा ज्यादै महत्त्वपूर्ण हुन्छ । प्रवेश योग्यता, उपलब्धिस्तर, निराकरण, वर्गीकरण र कार्यक्रम प्रभावकारिता आदिमध्ये कुन प्रयोजनले भाषिक मूल्याङ्कन गर्नुपर्ने हो सो को निर्क्यौल गरेर मात्र परीक्षणीय वस्तुको छनोट गर्नुपदर्छ । यसरी प्रयोजनीय क्षेत्र अनुरूपको सीप र धारणाहरूको सूची तयार पारी त्यसै अनुसारको सम्पादनात्मक / उत्पादनात्मक वा पहिचानात्मक / धारणात्मक पक्षको मूल्याङ्कन गर्नतर्फ अग्रसर हुनुपर्दछ । सीप पक्षको मूल्याङ्कन प्रयोगपरक र धारणा पक्षको मूल्याङ्कन सैद्धान्तिक प्रकृतिको हुन्छ । त्यसैले

सम्बन्धित कक्षा वा तहको भाषिक अपेक्षा र स्तरको आवश्यकताअनुसार दुवै पक्षको मिश्रण अनुपातमा भाषिक मूल्याङ्कन हुनु पर्दछ ।

### ४.२.३ भाषिक सीपको समग्रतामा आधारित भाषातत्त्वको मूल्याङ्कन

भाषिक सीपको प्रकृतिलाई हेर्दा भाषिक सीपका परीक्षण प्रयोगात्मक र भाषिक धारणाको परीक्षण सैद्धान्तिक प्रकृतिको रहेको हुन्छ । उच्च तह वा कक्षामा सैद्धान्तिक प्रकृतिका प्रश्नहरू पनि ग्राह्य हुन्छन् तर निम्न तह वा कक्षामा प्रयोगपरक दृष्टिकोण नै सबैभन्दा उपयुक्त हुन्छ । माध्यमिक तहसम्मको भाषाशिक्षण मूलत : सीपपरक भएकोले सैद्धान्तिक प्रकृतिका प्रश्नहरू उपयुक्त हुँदैनन् । भाषाका भाषातत्त्व, व्याकरण, सैद्धान्तिक सुझ र धारणालाई पृथकीकृत ढङ्गले छुट्टाछुट्टै परीक्षण गर्न पनि सकिन्छ । भाषाका तत्त्वहरू चिठीलेखन, टिप्पणी, अनुच्छेद, दैनिकी आदिमा समग्रात्मक रूपमा प्रकट हुने हुनाले भाषातत्त्वको मूल्याङ्कन  भाषिक सीपको समग्रतामा आधारित बनाउनु बढी वैज्ञानिक र व्यवहारिक हुन्छ । भाषातत्त्वलाई सीप पक्षबाट अलग्याएर परीक्षण गर्न खोज्दा सीपपक्ष गौण भई सैद्धान्तिक पक्ष हावी हुन जाने हुन्छ  र भाषा शिक्षणको सीप दक्षतामूलक मर्ममा आघात पुगी भाषाका विषयमा शिक्षण गर्ने प्रवृत्तिले प्रश्रय पाउँछ ।  भाषातत्त्व र भाषिक सीपलाई एक अर्काबाट अलग्याई मूल्याङ्कन र परीक्षण गर्ने परिपाटी भाषिक प्रयोग दक्षताका हिसाबले अत्यन्त गलत र अवैज्ञानिक परिपाटी हो ।

### ४.२.४.  एकयुक्तिबाट एक पक्षको मूल्याङ्कन

भाषिक मूल्याङ्कनमा एक पटकमा जुन कुराको परीक्षण गर्न खोजीएको हो सो को मात्र जाँच गर्नुलाई नै बैध, विश्वसनीय र व्यवहारिक मानिन्छ । कुन भाषिक सीपको मूल्याङ्कन गर्न खोजिएको हो त्यसबारे मूल्याङ्कन कर्ता स्पष्ट हुनु आवश्यक हुन्छ ।  प्रयोगात्मक युक्तिबाट प्रयोगपरक सन्दर्भहरू मौखिक युक्तिबाट मौखिक भाषिक सन्दर्भहरू तथा लिखित युक्तिबाट लेख्य भाषिक सन्दर्भलाई मात्र परीक्षण गर्नु आवश्यक हुन्छ । एक पटकमा एक भन्दा बढी पुच्छ्रेप्रश्न गरी एकभन्दा बढी उत्तर, सीप, धारणा समेटने खालका प्रश्नहरू गर्नु उपयुक्त हुँदैन । यसो भएमा वास्तविक परीक्षणीय कुराको परीक्षण नभई मूल्याङ्कन विपरीत मार्गातिर लाग्न सक्छ । तसर्थ एक युक्तिबाट एक पटकमा एउटा मात्र सीप र धारणाको मूल्याङ्कन गर्नुपर्दछ ।

### ४.२.५ मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिको सहसम्बन्ध

भाषिक मूल्याङ्कनमा परीक्षणीय वस्तु र मूल्याङ्कन युक्तिका बीचमा उच्च सहसम्बन्ध हुनुपदर्छ । परीक्षणीय कुरा अनुरूप युक्ति तथा साधनको छनौट संयोजन हुनुपदर्छ । जुन कुरा जाँच्न खोजिएको हो सो मात्र जाँच्नु पर्दछ अन्य होइन (अधिकारी २०५७ : २०३७) जुन युक्तिबाट जुन कुराको मूल्याङ्कन प्रभावकारी र वास्तविक हुन सक्छ त्यसै मूल्याङ्कन युक्तिको सहसम्बन्ध गाँसेर भाषिक मूल्याङ्कन गरियो भने त्यसमा मूल्याङ्कनीय गुण उच्च मात्रामा हासिल गर्न सकिन्छ । तसर्थ भाषा शिक्षकले यी कुराहरूलाई ख्याल गर्नु पर्दछ ।

### ४.२.६. पूर्व नियोजित मूल्याङ्कन प्रविधिको परिपालन

मूल्याङ्कन गर्दा योजनावद्ध नियोजित प्रकिया अवलम्वन गर्नु नितान्त आवश्यक छ । परीक्षणीय सजिलोको लागि प्रश्न बनाउनु हुँदैन यस्तो प्रचलन अत्यन्त आपत्तिजनक प्रवृत्ति हो । पाठ्यक्रमका अपेक्षा, विशिष्टीकरण तालिकाको निर्माण, उद्देश्य, प्रश्नका प्रकार, सङ्ख्या, अङ्कभार जस्ता समग्र कुराको व्यवस्थित खाका तयार गर्नुपर्दछ । मूल्याङ्कनले समग्र पाठ्यक्रमलाई ढाक्न सकोस् । मूल्याङ्कन औपचारिकताका निम्ति मात्र नभएर भाषा शिक्षण सिकाइका मर्मलाई आत्मसात् गर्न सकोस् र शिक्षण सिकाइ सुधारका लागि व्यावहारिक र स्पष्ट मार्ग निर्देशन गर्न सक्नु पर्दछ । मूल्याङ्कन योजनाबाट निर्देशित भई भाषिक मूल्याङ्कन गरेमा मात्र त्यस मूल्याङ्कनले वास्तविक र व्यवस्थित मूल्याङ्कनको रूप लिन सक्दछ ।

## ४.३. भाषिक मूल्याङ्कनका प्रकारहरू

### ४.३.१ औपचारिक र सामयिक मूल्याङ्कन

कुनै निश्चित समयको योजनामा आधारित भई लिइने पूर्व निर्धारित मूल्याङ्कनलँई सँमयिक र औपचारिक मूल्याङ्कन भनिन्छ । यसैलाई आवधिक मूल्याङ्कन भनिन्छ । कुनै निश्चित अवधिमा वा कुनै कक्षाको सुरु, मध्य र अन्त्यमै मात्र गरिने मूल्याङ्कनलाई नै औपचारिक मूल्याङ्कन भनिन्छ ।

### ४.३.२ निरन्तर र औपचारिक मूल्याङ्कन

भाषा शिक्षणका क्रममा भाषाका विभिन्न सीप तथा पक्षहरूको मूल्याङ्कन गर्नुपर्दछ । यस्ता सीपहरूको मूल्याङ्कन कुनै खास समयमा मात्र गरेर पुग्दैन । कक्षामा गराइने कक्षाकार्य, गृहकार्य, विद्यार्थीका विभिन्न क्रियाकलापहरूको अवलोकन आदिको अभिलेख राखी तिनको

लेखाजोखा गर्न सकेमा मात्र विद्यार्थीको बोध तथा अभिव्यक्ति सामर्थ्यको ठीकसँग पहिचान गर्न सकिन्छ । यसका लागि निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ ।

### ४.३.३. विषयगत र वस्तुगत मूल्याङ्कन

विषयगत र वस्तुगत मूल्याङ्कनलाई उत्पादनात्मक र पहिचानात्मक पनि भन्न सकिन्छ । दिइएका उत्तरहरू मध्येबाट पहिचान गरी उत्तर दिन सकिने खालका प्रश्नहरू समावेश गरिएको मूल्याङ्कन पहिचानात्मक वा वस्तुगत हुन्छ । यो लिखित मौखिक दुबै खालका हुन्छन् । परिक्षार्थीले आफ्नै भाषामा लेखेर उत्तर दिनुपर्ने प्रश्नहरू समावेश गरिएको मूल्याङ्कनलाई विषयगत वा उत्पादनात्मक भनिन्छ । लिखित परीक्षामा वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका र विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् ।

### ४.३.४ एकलवद्ध र समग्रवद्ध मूल्याङ्कन

एकलवद्ध मूल्याङ्कनलाई आंशिक तथा पृथकीकृत पनि भन्ने चलन छ । एकलबद्ध भन्नाले भाषाका विभिन्न पक्षहरूको छुट्टाछुट्टै परीक्षण भन्ने बुझिन्छ । एक पटकमा एउटा मात्र पक्षको मूल्याङ्कन गरिने हुँदा यस्तो मूल्याङ्कनलाई आंशिक मूल्याङ्कन पनि भनिन्छ, जस्तै वर्णविन्यास, शब्द निर्माण आदि भाषाका पाठ्यवस्तुको त्यस्तो आंशिक परीक्षण गरेर मात्र पुग्दैन, जस्तै : बोध तथा अभिव्यक्तिको मूल्याङ्कन आंशिक वा एकल रूपमा मात्र गर्दा अपेक्षित कुरा नदेखिन पनि सक्छ । त्यसैले यस्ता कुराको परीक्षण समग्र विधिबाट गरिनु पर्दछ । भाषाका विविध सीपहरूको एकीकृत मूल्याङ्कन नै समग्र मूल्याङ्कन हो ।

### ४.३.५ उपलब्धि र दक्षतापरक मूल्याङ्कन

विद्यार्थीको अध्ययन उपलब्धिको सङ्केत गर्ने मूल्याङ्कन नै उपलब्धि मूल्याङ्कन हो । यो निर्णयात्मक प्रकृतिको हुन्छ । दक्षतापरक मूल्याङ्कनको उद्देश्य विद्यार्थीले आफूले सिकेको भाषिक क्षमतालाई वास्तविक परिस्थितिमा कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा पहिल्याउनु हो ।

### ४.३.६ अभिक्षमता र निदानात्मक मूल्याङ्कन

अभिक्षमता मूल्याङ्कनका आधारमा खास गरी मातृभाषेतर भाषा सिक्न सम्बन्धित व्यक्तिको सम्भाव्य सफलताको साङ्खिकीय जानकारी लिइन्छ । भाषा प्राप्तिको एउटा आधार विद्यार्थीको उत्प्रेरणा पनि हुने हुँदा लक्षित भाषाप्रति उसको रूझान पहिल्याउन अभिक्षमतापरक मूल्याङ्कन सहायक हुने मानिन्छ भने निदानात्मक मूल्याङ्कनमा निर्दिष्ट पाठ्यक्रममा कुन कुराको शिक्षण सम्पन्न भयो, कुन सम्पन्न हुन बाँकी छ, कुन कुरा

विद्यार्थीले सिके, कुन कुरा सिकेनन् र सिक्न नसक्नुको कारण के हो ? सिकाइसम्बन्धी कठिनाइ के हुन ? तिनको निराकरण कसरी गर्न सकिन्छ भन्ने उद्देश्य राखिएको हुन्छ ।

### ४.३.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन

कुनै निर्दिष्ट भाषा पाठ्यक्रममा प्रवेश दिनका लागि उम्मेद्वारको छनोट गर्नु पर्दा उक्त पाठ्यक्रमको अध्ययनका लागि सो व्यक्तिको आवश्यक पृष्ठभूमि छ छैन, भनेर प्रवेश मूल्याङ्कन गरिन्छ । स्थान निर्धारण मूल्याङ्कन भने नव प्रवेशार्थीलाई समूहका अन्य विद्यार्थी समान भाषा विभिन्न सीप वा क्षेत्रको शिक्षण गर्न सकियोस् भन्ने उद्देश्यले उपयोग गरिन्छ ।

## ४.४ भाषिक मूल्याङ्कनका साधनहरू

### ४.४.१ मौखिक जाँच

भाषिक मूल्याङ्कनका लागि मौखिक जाँच अत्यावश्यक मानिन्छ । मौखिक जाँचबाट भाषिक सीपका पक्षहरू जस्तै - सुनाइ, बोलाइको परीक्षण गर्न, विभिन्न बस्तु, चित्र वर्णन गर्न, सस्वरवाचन गर्न, शब्द उच्चारण गर्न, पठनबोध जस्ता कुराहरूको मूल्याङ्कनका लागि मौखिक जाँचको आवश्यकता पर्दछ । त्यसैले यी कुराको जाँच गर्न भाषा शिक्षकले मौखिक जाँच गर्छन् ।

### ४.४.२ लिखित जाँच

भाषिक क्षमता जाँच गर्नका लागि भाषामा लिखित मूल्याङ्कन गर्न त्यत्तिकै आवश्यकता छ । हुन त भाषिक सीपका विभिन्न पक्षलाई लिखित परीक्षाले मात्र समेट्न सक्दैन । तापनि लिखित जाँचकै माध्यमबाट भाषिक मूल्याङ्कन गर्ने चलन परम्परादेखि नै रहेको छ । लिखित जाँचका माध्यमबाट बोधक्षमता, लेखनक्षमता, प्रश्नोत्तर, शब्दको प्रयोग, हिज्जे आदि कुराको सही मूल्याङ्कन गर्न लिखित जाँच नै उपयुक्त मानिन्छ ।

### ४.४.३ अवलोकन

कुनै पनि वस्तु घटना वा विषयलाई सरसर्ती हेर्ने काम नै अवलोकन हो । विद्यार्थीको बानी, व्यवहार आदिमा के कस्ता परिवर्तन आए वा आएनन् भनी मूल्याङ्कन गर्ने काम नै अवलोकन हो । लिखित तथा मौखिक जाँचका अतिरिक्त मूल्याङ्कनको अर्को साधनका रूपमा अवलोकनलाई लिन सकिन्छ । विशेष गरी भाषिक सीप तथा क्षमताको मूल्याङ्कनका

लागि अवलोकन विधि उपयोगी माध्यम मानिन्छ। अवलोकन विधि प्रयोगमा ल्याउँदा निम्न साधनको प्रयोग गर्नुपर्ने हुन्छ :-

**क) जाँचसूची**

विद्यार्थीको योग्यता तथा व्यवहारसम्बन्धी गुणहरूको परीक्षण गर्ने सूचीलाई जाँचसूची भनिन्छ। यसबाट विद्यार्थीको योग्यता र आचरणको श्रेणी निर्धारण गरिन्छ। मुख्य परीक्षणीय कुराका मुख्य-मुख्य बुँदा दिई तिनमा प्रत्येक विद्यार्थीको क्षमता जाच्न र तोक्न प्रत्येक बुँदामा विभिन्न किसिमका विकल्प समावेश गरिएका हुन्छन् र तिनै विकल्पमध्ये सम्बन्धित विद्यार्थीका लागि जुन उपयुक्त छ त्यसैमा चिनो लगाइन्छ।

**ख) श्रेणीमापन**

श्रेणीमापन विधिद्धारा शिक्षकले विद्यार्थीको व्यक्तित्व तथा उसको कार्य सफलताको मूल्याङ्कन गर्न सकिन्छ । यो एक आत्मनिष्ठ मूल्याङ्कन विधि हो । यो रेखाङ्कित र संङ्ख्यात्मक गरी दुई किसिमका हुन्छन् । रेखाङ्कित श्रेणीमापनमा एउटै रेखालाई विभिन्न भागमा विभाजन गरिएको हुन्छ र ती भागमा विभिन्न विशेषताहरू राखिएका हुन्छन् । विद्यार्थीको गुण, व्यवहार तथा प्रगतिको अवलोकन गरी ती विशेषतामा मूल्याङ्कन कर्ताले चिह्न लगाउँछन्। विद्यार्थीका गुणका आधारमा मिल्दो श्रेणीको नम्बर दिइन्छ।

## ४.५. निष्कर्ष

भाषा शिक्षण भन्नुनै भाषिक सीपहरूको शिक्षण हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको शिक्षण नै भाषा शिक्षण हो । मूल्याङ्कन एक निरन्तर चलिरहने प्रक्रिया भएकाले मूल्याङ्कन विभिन्न तरिकाले विभिन्न उपकरणद्धारा गर्न सकिन्छ । विद्यार्थीको बानी, व्यवहार, आचरण, सामाजिक सम्बन्ध आदि विभिन्न पक्षको मूल्याङ्कन लिखित परीक्षाबाट सम्भव हुँदैन । यसका लागि मूल्याङ्कनका विभिन्न विधि तथा साधनहरूको प्रयोग गरिन्छ । भाषिक मूल्याङ्कनका सिद्धान्तभित्र पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट, भाषिक सीपको समग्रतामा आधारित भाषातत्त्वको मूल्याङ्कन, एक युक्तिबाट एक पक्षको मूल्याङ्कन, मूल्याङ्कनीय वस्तु र मूल्याङ्कनयुक्तिको सहसम्बन्ध, पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन पर्दछन्। यसका साथसाथै भाषिक मूल्याङ्कनका विभिन्न प्रकारहरू समावेश भएका छन्। जसमा सामयिक र औपचारिक मूल्याङ्कन, विषयगत र वस्तुगत मूल्याङ्कन औपचारिक र

निरन्तर मूल्याङ्कन, एकलबद्ध र समग्रतावद्ध, उपलब्धि र दक्षतापरक मूल्याङ्कन, अभिक्षमता र निदानात्मक मूल्याङ्कन, प्रवेश र स्थान निर्धारण मूल्याङ्कन आदि पर्दछन् । माथि उल्लिखित सिद्धान्त र प्रकार अनुरूप भाषिक मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित जाँच, अवलोकन जस्ता साधनहरूको उपयोग गरिन्छ ।

## अध्याय पाँच

# निरन्तर विद्यार्थी मूल्याङ्कनको व्याख्या र विश्लेषण

## ५.१ पृष्ठभूमि

यस शोधको अध्ययन कार्यका क्रममा के कस्ता कार्यहरू गरिए, कुन कुन कार्यबाट शोध अगाडि बढ्न सक्यो भन्ने जानकारीसहित अध्ययनलाई अगाडि बढाउन गरिएका विभिन्न कार्य जस्तै : विद्यार्थीको भाषिक स्तर थाहा पाउनका लागि पूर्वपरीक्षण, १०-१० दिनको फरकमा गरिएको आवधिक परीक्षा र उत्तरपरीक्षण आदिको विश्लेषण गर्ने कार्य गरिएको छ । १०० पूर्णाङ्कको पूर्वपरीक्षण र १०० पूर्णाङ्कको उत्तरपरीक्षण सञ्चालन गरी यी दुईको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । त्यसै गरी हप्ताभरिको कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा र आवधिक परीक्षा गरी जम्मा १०० पूर्णाङ्कको निरन्तर मूल्याङ्कन गरिएको छ । यस क्रममा यी परीक्षाहरू कक्षाकार्य, गृहकार्य, मौखिक र लिखित परीक्षा तथा उच्च प्रगतिस्तर भएका र न्यून प्रगतिस्तर भएका विद्यार्थीहरूको तुलनात्मक विवरण समेत प्रस्तुत गरिएको छ ।

## ५.२ पूर्वपरीक्षण

कुनै पनि कामको शुभारम्भ हुनुभन्दा अगाडि गरिने जाँच नै पूर्वपरीक्षण हो । यस शोधकार्यलाई पनि अगाडि बढाउन कक्षा चार उत्तीर्ण गरेर कक्षा पाँचमा भर्ना हुन आएका २८ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । अध्ययनको सुरुको अवस्थामा उनीहरूलाई कक्षा चारका स्तरका प्रश्नपत्र निर्माण गरी १०० पूर्णाङ्कको परीक्षा लिइएको र त्यसबाट प्राप्त परीणामलाई अभिलेखको रूपमा राखिएको छ । पूर्वपरीक्षणको रूपमा लिइएको सो परीक्षामा वस्तुगत प्रश्नहरू जस्तै : जोडा मिलाउने, खालीठाउँ भर्ने, तथा विषयगत प्रश्नहरू वाक्य बनाउने, वाक्यमा प्रयोग गर्ने, छोटो उत्तर लेख्ने, शब्दको अर्थ लेख्ने आदि सोधिएको थियो । उनीहरूले दिएको लिखित उत्तरलाई प्रश्नपत्रको अङ्कभारअनुसार परीक्षण गरी त्यसको पनि अभिलेख राखिएको छ । शोध शीर्षकअन्तर्गत जाँच्न खोजिएका कुराहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन फाराममा अभिलेख राख्दै उत्तर परीक्षण र पूर्वपरीक्षण बीचको तुलना गरी विश्लेषण गरिएको छ । आफै विद्यालयमा प्रत्यक्ष

रूपमा सहभागी भई शिक्षण सुरु भएको २ दिनमा लिइएको पूर्वपरीक्षणको नतिजा यस प्रकारको रहेको छ :

| क.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशतमा |
|---|---|---|---|---|
| १. | मेनुका राई | १०० | ६० | ६०% |
| २. | निरूता कार्की | १०० | ५४ | ५४% |
| ३. | सोनु तामाङ | १०० | ४९ | ४९% |
| ४. | समीक्षा लिम्बू | १०० | ५१ | ५१% |
| ५. | सुलोचना लिम्बू | १०० | ५२ | ५२% |
| ६. | रिया कार्की | १०० | ६० | ६०% |
| ७. | केशव कार्की | १०० | ३९ | ३९% |
| ८. | प्रेमकुमारी तामाङ | १०० | ३६ | ३६% |
| ९. | कामना दाहाल | १०० | ३७ | ३७% |
| १०. | तुलसी दाहाल | १०० | ३५ | ३५% |
| ११. | सम्झना आले | १०० | ४० | ४०% |
| १२. | धनमाया पुलामी | १०० | ४१ | ४१% |
| १३. | जित ब. भुजेल | १०० | ४१ | ४१% |
| १४. | अमृता मादेन | १०० | ३९ | ३९% |
| १५. | एञ्जिला खड्का | १०० | ४४ | ४४% |
| १६. | सुशन लिम्बू | १०० | ४८ | ४८% |
| १७. | बिमला तामाङ | १०० | ३५ | ३५% |
| १८. | गोकुल वि.क | १०० | ३५ | ३५% |
| १९. | रोहित पुरकुटी | १०० | ३६ | ३६% |
| २०. | सञ्जिब तामाङ | १०० | ३७ | ३७% |
| २१. | प्रज्ज्वल वर्देवा | १०० | ३८ | ३८% |
| २२. | अरविन पौडेल | १०० | ३६ | ३६% |
| २३. | अमिषा घिमिरे | १०० | ३६ | ३६% |
| २४. | अमृता भट्राई | १०० | ५४ | ५४% |

| | | | | |
|---|---|---|---|---|
| २५. | मनिका कठेत | १०० | ५३ | ५३% |
| २६. | सुनिल मगर | १०० | ५७ | ५७% |
| २७. | सरोज घिमिरे | १०० | ५० | ५०% |
| २८. | बिनम चौधरी | १०० | ५० | ५०% |

माथिको तालिकामा कक्षा चारका स्तरका प्रश्नहरू समावेश गरी परीक्षा सञ्चालन गरिएको छ । यो परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई प्रतिशतमा राखी तालिकामा प्रस्तुत गरिएको छ । कक्षाको सुरुमा लिइएको पूर्वपरीक्षण र उत्तरपरीक्षणसँग तुलना गरी उपलब्धि स्तर पत्ता लगाउन प्रयोग गरिएको छ । माथिको तालिकामा ३५% देखि ४९% सम्मको बीचमा अङ्क प्राप्त गर्ने जम्मा १८ जना, ५०% देखि ५९% अङ्क प्राप्त गर्ने जम्मा ८ जना, ६०% देखि ७०% को बीचमा अङ्क प्राप्त गर्ने २ जना रहेका छन् । सबैभन्दा कम ३५% अङ्क रहेको छ भने सबै भन्दा बढी ६०% रहेको छ । यस परीक्षणको औसत प्राप्ताङ्क ४४.३९% रहेको छ ।

## ५.३ आवधिक परीक्षा

सर्वप्रथम कक्षा लिएको सुरुको दुई दिनमा पूर्व परीक्षण लिइएको छ । त्यसबाट आएको नतिजाको अभिलेख राखी त्यसको १० दिनपछि निरन्तर रूपमा विद्यार्थीलाई प्रत्यक्ष शिक्ष्ँण गरी प्रत्येक दिन कक्षामा दिएको कक्षाकार्य र घरमा गर्नका लागि  दिइने , गृहकार्य, उनीहरूको उपस्थिति, व्यवहार आदिलाई समेत निश्चित पूर्णाङ्क तोकी यो परीक्षा सञ्चालन गरिएको छ । यसका लागि भाषिक व्यवहार मापन गर्न सकिने मौखिक परीक्षा तथा लिखित परीक्षा सञ्चालन गरी विद्यार्थीहरूको आवधिक उपलब्धिको स्तर उल्लेख गरिएको छ । यसको मापनका लागि विद्यार्थीको कक्षामा नियमित उपस्थिति तथा सहभागिताले कक्षा शिक्षणमा  थप हौसला मिलेको छ । जसका कारण उनीहरूको प्रगति विवरण प्रस्तुत गर्न सहयोग मिलेको छ । ६ हप्तासम्म पढाइएका नेपाली भाषा विषयका पाठहरूबाट विभिन्न प्रश्नहरू निर्माण गरी हरेक आवधिक परीक्षा सञ्चालन गरिएको छ । प्रत्येक प्रश्नहरूमा पूर्ण अङ्कभार तोकी सोही आधारमा परीक्षण गरी प्राप्त नतिजाको अभिलेख राखिएको छ । कक्षामा गर्न दिएको कक्षाकार्य  तथा घरमा गृहकार्यलाई पनि छुट्टै पूर्णाङ्क तोकी उनीहरूले गरेको अभ्यासको आधारमा अङ्क प्रदान गरिएको छ ।  सोबाट

प्राप्त अङ्कलाई निरन्तर विद्यार्थी मूल्याङ्कन फाराममा भरेर प्राप्ताङ्कलाई प्रतिशतको रूपमा राखिएको छ । यसरी हरेक १०-१० दिनको फरकमा आवधिक परीक्षा सञ्चालन गरेर विद्यार्थीले गरेको भाषिक प्रगतिलाई अभिलेखको रूपमा राखिएको छ ।

### ५.३.१ पहिलो आवधिक परीक्षा

| क्र.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १. | मेनुका राई | २० | १४ | २० | ११ | १० | ७ | ५० | ३२ | ६४% |
| २. | निरूता कार्की | २० | १४ | २० | १० | १० | ८ | ५० | ३० | ६२% |
| ३. | सोनु तामाङ | २० | ११ | २० | १३ | १० | ६ | ५० | २८ | ५८% |
| ४. | समीक्षा लिम्बू | २० | १२ | २० | १३ | १० | ६ | ५० | २९ | ६०% |
| ५. | सुलोचना लिम्बू | २० | १२ | २० | १३ | १० | ७ | ५० | ३० | ६२% |
| ६. | रिया कार्की | २० | १३ | २० | ७ | १० | ८ | ५० | ३३ | ६१% |
| ७. | केशव कार्की | २० | १० | २० | ७ | १० | ६ | ५० | १८ | ४१% |
| ८. | प्रेमकुमारी तामाङ | २० | ८ | २० | ७ | १० | ७ | ५० | १८ | ४२% |
| ९. | कामना दाहाल | २० | ८ | २० | ६ | १० | ६ | ५० | १७ | ३७% |
| १०. | तुलसी दाहाल | २० | ८ | २० | ७ | १० | ५ | ५० | १५ | ३५% |
| ११. | सम्झना आले | २० | १० | २० | ६ | १० | ५ | ५० | १४ | ३५% |
| १२. | धनमाया पुलामी | २० | ९ | २० | ७ | १० | ६ | ५० | १३ | ३५% |
| १३. | जित ब. भुजेल | २० | ८ | २० | ८ | १० | ६ | ५० | १५ | ३७% |
| १४. | अमृता मादेन | २० | ८ | २० | ६ | १० | ६ | ५० | १६ | ३६% |
| १५. | एञ्जिला खड्का | २० | ९ | २० | ७ | १० | ४ | ५० | १६ | ३६% |
| १६. | सुशन लिम्बू | २० | ८ | २० | ६ | १० | ७ | ५० | १९ | ४०% |
| १७. | बिमला तामाङ | २० | ९ | २० | ७ | १० | ७ | ५० | १३ | ३६% |
| १८. | गोकुल वि.क | २० | ८ | २० | ७ | १० | ६ | ५० | १४ | ३५% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९. | रोहित पुरकुटी | २० | ९ | २० | ७ | १० | ५ | ५० | १४ | ३५% |
| २०. | सञ्जिब तामाङ | २० | ९ | २० | ६ | १० | ७ | ५० | १३ | ३५% |
| २१. | प्रज्ज्वल वर्देवा | २० | ६ | २० | ६ | १० | ४ | ५० | १९ | ३५% |
| २२. | अरविन पौडेल | २० | ७ | २० | ६ | १० | ७ | ५० | १८ | ३८% |
| २३. | अमिषा घिमिरे | २० | ९ | २० | ८ | १० | ८ | ५० | २४ | ४९% |
| २४. | अमृता भट्राई | २० | ९ | २० | ८ | १० | ८ | ५० | २८ | ५३% |
| २५. | मनिका कठेत | २० | ९ | २० | ९ | १० | ७ | ५० | २७ | ५२% |
| २६. | सुनिल मगर | २० | ९ | २० | ८ | १० | ६ | ५० | २४ | ४७% |
| २७. | सरोज घिमिरे | २० | १० | २० | ९ | १० | ७ | ५० | २७ | ५३% |
| २८. | बिनम चौधरी | २० | ७ | २० | ६ | १० | ६ | ५० | २२ | ४१% |

माथि तालिकामा उल्लेख भएअनुसार आवधिक परीक्षालाई पनि विभिन्न पूर्णाङ्कमा विभाजन गरी १०० अङ्क पुऱ्याइएको छ , जस्तै कक्षाकार्यलाई २० पूर्णाङ्क, गृहकार्यलाई २० पूर्णाङ्क, आवधिक परीक्षाको मौखिक परीक्षालाई १० पूर्णाङ्क र लिखित परीक्षालाई ५० पूर्णाङ्क गरी १०० पूर्णाङ्क पुऱ्याइएको हो र सोहीअनुसार परीक्षा सञ्चालन गरिएको छ र सो परीक्षाको उपलब्धिलाई पनि अभिलेखमा उल्लेख गरिएको छ ।

पहिलो पटक गरिएको आवधिक परीक्षाको ढाँचा अनुसार नै अन्य आवधिक परीक्षा सञ्चालन गरिएको छ । पूर्व परीक्षणको १० दिन पछाडि लिइएको उक्त परीक्षामा ३०% देखि ४०% को बीचमा अङ्क ल्याउने विद्यार्थी जम्मा १३ जना, ४०% देखि ५०%  सम्मको बीचमा अङ्क ल्याउने जम्मा ६ जना ५०% देखि ६०% बीचमा अङ्क ल्याउने ४ जना ६०% देखि ७०% बीचमा अङ्क ल्याउने जम्मा ५ जना विद्यार्थी रहेका छन् । सबै भन्दा कम ३५ अङ्क र सबैभन्दा बढी ६४ अङ्क रहेको छ । यसको औसत अङ्क ४४.६४% रहेको छ ।

### ५.३.२ दोस्रो आवधिक परीक्षा

पूर्वपरीक्षण लिएको १० दिनपछि पहिलो आवधिक परीक्षा लिइएको छ । त्यसको १० दिनपछि दोस्रो परीक्षा लिइएको छ । त्यसमा पनि पहिलो आवधिक परीक्षाका जस्तै स्तरका प्रश्नपत्र

समावेश गरिएको छ । दोस्रो आवधिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा यसरी देखाइएको छ :

| क.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १. | मेनुका राई | २० | १४ | २० | १२ | १० | ८ | ५० | ३२ | ६६% |
| २. | निरूता कार्की | २० | १४ | २० | ११ | १० | ८ | ५० | ३१ | ६४% |
| ३. | सोनु तामाङ | २० | १२ | २० | १२ | १० | ६ | ५० | २९ | ५९% |
| ४. | समीक्षा लिम्बू | २० | १२ | २० | १३ | १० | ७ | ५० | ३० | ६२% |
| ५. | सुलोचना लिम्बू | २० | १३ | २० | १३ | १० | ७ | ५० | ३१ | ६४% |
| ६. | रिया कार्की | २० | १३ | २० | १० | १० | ८ | ५० | ३२ | ६३% |
| ७. | केशव कार्की | २० | १० | २० | ७ | १० | ६ | ५० | १९ | ४२% |
| ८. | प्रेमकुमारी तामाङ | २० | ९ | २० | ९ | १० | ७ | ५० | १९ | ४४% |
| ९. | कामना दाहाल | २० | ९ | २० | ७ | १० | ७ | ५० | १८ | ४०% |
| १०. | तुलसी दाहाल | २० | ८ | २० | ७ | १० | ५ | ५० | १५ | ३५% |
| ११. | सम्झना आले | २० | १० | २० | ७ | १० | ५ | ५० | १५ | ३७% |
| १२. | धनमाया पुलामी | २० | ९ | २० | ७ | १० | ६ | ५० | १४ | ३६% |
| १३. | जित ब. भुजेल | २० | ८ | २० | ८ | १० | ७ | ५० | १४ | ३७% |
| १४. | अमृता मादेन | २० | ८ | २० | ७ | १० | ७ | ५० | १७ | ३९% |
| १५. | एन्जिला खड्का | २० | ९ | २० | ७ | १० | ५ | ५० | १७ | ३८% |
| १६. | सुशन लिम्बू | २० | ८ | २० | ७ | १० | ७ | ५० | २० | ४२% |
| १७. | बिमला तामाङ | २० | ९ | २० | ८ | १० | ८ | ५० | १५ | ४०% |
| १८. | गोकुल वि.क | २० | ८ | २० | ७ | १० | ६ | ५० | १३ | ३४% |
| १९. | रोहित पुरकुटी | २० | ७ | २० | ७ | १० | ६ | ५० | १३ | ३३% |
| २०. | सञ्जिब तामाङ | २० | ९ | २० | ९ | १० | ७ | ५० | १४ | ३९% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | प्रज्ज्वल वर्देवा | २० | ७ | २० | ७ | १० | ५ | ५० | १९ | ३८% |
| २२. | अरविन पौडेल | २० | ७ | २० | ७ | १० | ५ | ५० | १८ | ३७% |
| २३. | अमिषा घिमिरे | २० | ९ | २० | ९ | १० | ७ | ५० | २५ | ५०% |
| २४. | अमृता भट्राई | २० | १० | २० | ९ | १० | ७ | ५० | २७ | ५३% |
| २५. | मनिका कठेत | २० | ९ | २० | ९ | १० | ६ | ५० | २८ | ५२% |
| २६. | सुनिल मगर | २० | ९ | २० | ८ | १० | ६ | ५० | २५ | ४८% |
| २७. | सरोज घिमिरे | २० | ११ | २० | १० | १० | ८ | ५० | २९ | ५८% |
| २८. | बिनम चौधरी | २० | ७ | २० | ७ | १० | ५ | ५० | २३ | ४२% |

पहिलो आवधिक परीक्षा लिइएको १० दिनपछि लिइएको दोस्रो आवधिक परीक्षामा केही सिकाइ उपलब्धिमा प्रगति भएको पाइन्छ । परीक्षा हुने भनेकाले विद्यार्थीको नियमितता बढेको साथै पढाइ, कक्षाकार्य, गृहकार्यमा सक्रियता बढेको पाइयो । दोस्रो आवधिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा ३०% देखि ४०% को बीचमा अङ्क प्राप्त गर्ने जम्मा विद्यार्थी ११ जना, ४०% देखि ५०% सम्म अङ्क ल्याउने विद्यार्थी ७ जना, ५०% देखि ६०% सम्म अङ्क ल्याउने विद्यार्थी जम्मा ५ जना, ६०% देखि ७०% सम्म अङ्क ल्याउने जम्मा ५ जना रहेका छन् । यसको औसत अङ्क ४६.१४% रहेको छ । पहिलो आवधिक परीक्षाको भन्दा १.५४% ले बढी रहेको छ ।

**५.३.३ तेस्रो आवधिक परीक्षा**

दोस्रो आवधिक परीक्षा लिएको १० दिनपछि तेस्रो परीक्षा लिइएको छ । तेस्रो आवधिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई यसरी तालिकामा देखाइएको छ :

| क्र.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १. | मेनुका राई | २० | १५ | २० | १३ | १० | ८ | ५० | ३३ | ६९% |
| २. | निरूता कार्की | २० | १५ | २० | १३ | १० | ८ | ५० | ३३ | ६९% |
| ३. | सोनु तामाङ | २० | १३ | २० | १२ | १० | ६ | ५० | ३० | ६१% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | समीक्षा लिम्बू | २० | १३ | २० | ११ | १० | ८ | ५० | ३० | ६२% |
| ५. | सुलोचना लिम्बू | २० | १४ | २० | १२ | १० | ८ | ५० | ३१ | ६५% |
| ६. | रिया कार्की | २० | १४ | २० | ११ | १० | ७ | ५० | ३२ | ६४% |
| ७. | केशव कार्की | २० | १० | २० | ९ | १० | ७ | ५० | २० | ४६% |
| ८. | प्रेमकुमारी तामाङ | २० | ९ | २० | ९ | १० | ६ | ५० | १९ | ४३% |
| ९. | कामना दाहाल | २० | १० | २० | ८ | १० | ७ | ५० | १८ | ४३% |
| १०. | तुलसी दाहाल | २० | ९ | २० | ७ | १० | ६ | ५० | १७ | ३९% |
| ११. | सम्झना आले | २० | ८ | २० | ७ | १० | ८ | ५० | १५ | ३८% |
| १२. | धनमाया पुलामी | २० | ९ | २० | ७ | १० | ७ | ५० | १८ | ४१% |
| १३. | जित ब. भुजेल | २० | ८ | २० | ७ | १० | ६ | ५० | १७ | ३८% |
| १४. | अमृता मादेन | २० | १० | २० | ८ | १० | ८ | ५० | १८ | ४४% |
| १५. | एञ्जिला खड्का | २० | ९ | २० | ६ | १० | ८ | ५० | १७ | ४०% |
| १६. | सुशन लिम्बू | २० | ९ | २० | ७ | १० | ७ | ५० | २० | ४३% |
| १७. | बिमला तामाङ | २० | ८ | २० | ९ | १० | ७ | ५० | १६ | ४०% |
| १८. | गोकुल वि.क | २० | ७ | २० | ७ | १० | ६ | ५० | १४ | ३४% |
| १९. | रोहित पुरकुटी | २० | ८ | २० | ६ | १० | ६ | ५० | १३ | ३३% |
| २०. | सञ्जिब तामाङ | २० | १० | २० | ७ | १० | ८ | ५० | १५ | ४०% |
| २१. | प्रज्ज्वल वर्देवा | २० | ९ | २० | ६ | १० | ५ | ५० | २१ | ४१% |
| २२. | अरविन पौडेल | २० | ९ | २० | ५ | १० | ८ | ५० | २० | ४२% |
| २३. | अमिषा घिमिरे | २० | १० | २० | ७ | १० | ७ | ५० | २९ | ५३% |
| २४. | अमृता भट्राई | २० | १० | २० | ६ | १० | ८ | ५० | २६ | ५०% |
| २५. | मनिका कठेत | २० | ९ | २० | ७ | १० | ८ | ५० | २९ | ५३% |
| २६. | सुनिल मगर | २० | १० | २० | ६ | १० | ७ | ५० | २६ | ४९% |
| २७. | सरोज घिमिरे | २० | ११ | २० | १० | १० | ८ | ५० | २९ | ५८% |
| २८. | बिनम चौधरी | २० | ७ | २० | ५ | १० | ६ | ५० | २२ | ४०% |

शोधकार्य पूरा गर्नका लागि विद्यार्थीहरूलाई निरन्तर रूपमा लिइएको तेस्रो आवधिक परीक्षामा पहिलो आवधिक परीक्षाभन्दा दोस्रोमा केही सुधार भएको पाइयो । त्यसैगरी दोस्रोमा भन्दा तेस्रोमा रहेको उपलब्धि स्तरलाई यसरी केलाएर हेर्न सकिन्छ । माथिको तालिकामा देखाइएअनुसार ३०% देखि ४०% अङ्क ल्याउने विद्यार्थी जम्मा ५ जना, ४०% देखि ५०% अङ्क ल्याउने विद्यार्थी जम्मा १३ जना ५०% देखि ६०% अङ्क ल्याउने विद्यार्थी जम्मा ४ जना र ६०% देखि ७०% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या जम्मा ६ जना रहेका छन् । यस परीक्षणको औसत अङ्क ४७.७८% रहेको छ । यस परीक्षणमा सबैभन्दा बढी अङ्क ६९ र सबै भन्दा कम अङ्क ३३ रहेको छ । यसरी पूर्व परीक्षणसमेत चारवटा परीक्षा लिइसके पछिको उपलब्धि स्तरलाई हेर्दा विद्यार्थीमा केही प्रगति भएको पाइएको छ ।

### ५.३.४ चौथो आवधिक परीक्षा

तेस्रो आवधिक परीक्षा लिएको १० दिनपछि लिइएको चौथो परीक्षामा विद्यार्थीहरूमा केही सुधार भएको पाइयो । कक्षामा नियामितता बढेको छ । कक्षाकार्य, गृहकार्य गर्नमा विद्यार्थी उत्साहित देखिएका छन् । एक आपसमा प्रतिष्पर्धा बढेको देखिन्छ । यस परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई यसरी तलिकामा देखाउन सकिन्छ :

| क्र.सं. | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्राप्ताङ्क प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १. | मेनुका राई | २० | १६ | २० | १४ | १० | ८ | ५० | ३६ | ७४% |
| २. | निरूता कार्की | २० | १७ | २० | १४ | १० | ८ | ५० | ३४ | ७३% |
| ३. | सोनु तामाङ | २० | १४ | २० | १३ | १० | ७ | ५० | ३१ | ६६% |
| ४. | समीक्षा लिम्बू | २० | १४ | २० | ११ | १० | ८ | ५० | ३२ | ६५% |
| ५. | सुलोचना लिम्बू | २० | १५ | २० | १३ | १० | ७ | ५० | ३० | ६५% |
| ६. | रिया कार्की | २० | १५ | २० | ११ | १० | ८ | ५० | ३२ | ६६% |
| ७. | केशव कार्की | २० | १२ | २० | १० | १० | ८ | ५० | २१ | ५१% |
| ८. | प्रेमकुमारी तामाङ | २० | ११ | २० | ९ | १० | ७ | ५० | २० | ४७% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | कामना दाहाल | २० | ११ | २० | ९ | १० | ७ | ५० | २० | ४७% |
| १०. | तुलसी दाहाल | २० | ९ | २० | ७ | १० | ६ | ५० | १७ | ३९% |
| ११. | सम्झना आले | २० | १० | २० | ८ | १० | ६ | ५० | १६ | ४०% |
| १२. | धनमाया पुलामी | २० | ९ | २० | ७ | १० | ७ | ५० | १७ | ४०% |
| १३. | जित ब. भुजेल | २० | ९ | २० | ७ | १० | ८ | ५० | १५ | ३९% |
| १४. | अमृता मादेन | २० | ९ | २० | ७ | १० | ६ | ५० | १७ | ३९% |
| १५. | एन्जिला खड्का | २० | ९ | २० | ८ | १० | ७ | ५० | १९ | ४३% |
| १६. | सुशन लिम्बू | २० | ११ | २० | ९ | १० | ८ | ५० | १८ | ४४% |
| १७. | बिमला तामाङ | २० | ९ | २० | ८ | १० | ७ | ५० | १६ | ४०% |
| १८. | गोकुल वि.क | २० | ९ | २० | ८ | १० | ७ | ५० | १५ | ३९% |
| १९. | रोहित पुरकुटी | २० | ८ | २० | ७ | १० | ७ | ५० | १४ | ३६% |
| २०. | सञ्जिब तामाङ | २० | ११ | २० | ७ | १० | ७ | ५० | १५ | ४०% |
| २१. | प्रज्ज्वल वर्देवा | २० | ९ | २० | ७ | १० | ६ | ५० | २० | ४२% |
| २२. | अरविन पौडेल | २० | १० | २० | ७ | १० | ८ | ५० | २१ | ४६% |
| २३. | अमिषा घिमिरे | २० | ९ | २० | ८ | १० | ८ | ५० | ३० | ५५% |
| २४. | अमृता भट्राई | २० | ११ | २० | ७ | १० | ८ | ५० | २६ | ५२% |
| २५. | मनिका कठेत | २० | १० | २० | ७ | १० | ७ | ५० | ३० | ५४% |
| २६. | सुनिल मगर | २० | १० | २० | ७ | १० | ८ | ५० | २७ | ५२% |
| २७. | सरोज घिमिरे | २० | १३ | २० | ११ | १० | ७ | ५० | ३१ | ६२% |
| २८. | बिनम चौधरी | २० | ९ | २० | ६ | १० | ८ | ५० | २३ | ४६% |

अध्ययन अनुसन्धान गर्ने क्रममा निरन्तर रूपमा आवधिक परीक्षा सञ्चालन गर्ने क्रममा शिक्षण सिकाइको पाचौँ हप्तापछि सञ्चालन गरिएको चौथो आवधिक परीक्षाको उपलब्धि स्तर तालिकामा देखाइएको छ । उक्त तालिकाका अनुसार ३०% देखि ४०% को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या जम्मा ५ जना, ४०% देखि ५०% बीचमा अङ्क ल्याउने जम्मा ११ जना, ५०% देखि ६०% को बीचमा अङ्क ल्याउने जम्मा ५ जना र ६०% देखि ७०% को बीचमा अङ्क ल्याउने जम्मा ५ जना, ७०% देखि ८०% को बीचमा अङ्क ल्याउने जम्मा २ जना रहेका छन् । यस परीक्षणको औसत अङ्क ५०.०७% रहेको छ । उक्त

आवधिक परीक्षाको प्राप्ताङ्कलाई नियाल्दा २.२९ ले फरक रहेको छ । यस परीक्षामा सबैभन्दा कम अङ्क ३६ र सबैभन्दा बढी अङ्क ७४ रहेको छ ।

यसरी निरन्तर रूपमा विभिन्न किसिमका मूल्याङ्कन गर्दा विद्यार्थीमा प्रगति भएको माथिका तालिकाबाट स्पष्ट हुन आउँछ । विद्यार्थीमा परीक्षाको सन्त्रास कम भएको छ । कक्षाकार्य, गृहकार्य गर्नमा उत्सुकता देखाउने, उपस्थितिमा नियमितता देखिएको छ । सिकाइस्तरमा आशातीत उपलब्धि देखिएको छ ।


हाम्रो परम्परागत परीक्षा प्रणाली बार्षिक तथा अर्धवार्षिक जस्ता परीक्षाले मात्र समेट्न नसक्ने कुरा निर्विवाद रूपमा देखिन्छ । त्यसकारणले विद्यार्थीका व्यवहार, सुनाइ, बोलाइ, पढाइ, आदिको सही मूल्याङ्कन गर्न यस्ता आवधिक परीक्षा लिनुपर्ने कुरा आवश्यक देखिन्छ । शिक्षणमा आएका नयाँ-नयाँ प्रविधिको प्रयोग गरेर कक्षामा तेजिलो विद्यार्थीलाई उदार कक्षोन्नतिको भावना ल्याउनु पर्ने देखिन्छ । सबैका लागि शिक्षा भन्ने नेपाल सरकारको नारालाई सार्थक बनाउनका लागि बालबालिकालाई प्राथमिक तहदेखि नै भाषिक सीपमा आवद्ध भै नेपाली सिक्न सिकाउन यस्ता यस्ता कुराहरूले थप मद्दत पुऱ्याउने देखिन्छ ।

भाषिक मूल्याङ्कन एउटा यस्तो उपाय हो, जसले भाषिक सीप तथा तत्सम्बन्धी खास पक्षमा विद्यार्थीहरूलाई थप अभ्यास निराकरणात्मक अभ्यास गर्न मद्दत पुऱ्याउँछ । त्यसैबाट विद्यार्थीमा देखिएका भाषिक कमी कमजोरीका क्षेत्र पत्ता लगाउन र थप पृष्ठपोषण प्रदान गर्न सहयोग गर्छ । शिक्षण गर्दा भाषा शिक्षकले परीक्षणको उद्देश्य, शिक्षार्थीका उपलब्धि, कठिनाइ र कमजोरी क्षेत्र पत्ता लगाई त्यसलाई निराकरण गर्नु नै हो । विद्यार्थीको कुन कुन भाषिक क्षेत्रमा कमजोरी रहेछ । त्यसका लागि थप अभ्यास तथा थप कार्यकलाप गर्नुपर्ने रहेछ, भन्ने कुरामा शिक्षकलाई थाहा हुन्छ । साथै कुन किसिमको उपचारात्मक शिक्षण गर्नुपर्छ भन्ने कुराको निर्क्यौल गर्न सहज हुन्छ । साथै विद्यार्थीलाई पनि आफ्नो गन्तव्य प्राप्तिको सफलता र असफलताको बारेमा पृष्ठपोषण प्राप्त हुन्छ ।

## ५.४ तालिकीकरण

जुनसुकै तथ्याङ्कलाई पनि झट्ट हेर्दा सरल, सहज र स्पष्ट ढङ्गले बुझ्ने गरी तालिकामा प्रस्तुत गर्नु तालिकीकरण हो । अध्ययन अनुसन्धानका क्रममा विद्यार्थीको उपलब्धि स्तरलाई तालिकीकरणमा स्पष्ट रूपमा देखाइदियो भने अनुसन्धान बढी विश्वासनीय र प्रामाणिक हुन जान्छ । प्रस्तुत शोधमा पनि ६ हप्तासम्मको समयमा लिइएका एउटा पूर्वपरीक्षण तथा चारवटा आवधिक परीक्षाबाट प्राप्त भएको प्राप्ताङ्कलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

(स्तम्भ चित्र)




उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने प्रत्येक आवधिक परीक्षामा क्रमशः उपलब्धि स्तर वृद्धि हुँदै गएको स्पष्ट रूपमा देख्न सकिन्छ ।

## ५.५ निष्कर्ष:

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट उनीहरूको क्षमता, स्तर, कमी, कमजोरी आदिको मापन गर्न सकिन्छ । जुनसुकै तहमा प्रवेश गर्दाको स्थिति र निश्चित समयावधिपश्चात् उनीहरूमा आएको प्रगति विवरण निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा थाहा पाउन सकिन्छ । विद्यार्थीहरू पनि आफूले गरेको सिकाइ उपलब्धि थाहा पाउन उत्सुक भएका

हुन्छन् । त्यसका निराकरणका लागि उनीहरूको प्रगतिबारे बेलाबेलामा जानकारी दिनुपर्दछ । यसबाट उनीहरूलाई आफू कुन स्थानमा रहेछु र यसलाई बढाउन के गर्नुपर्छ भन्ने कुरामा सचेत रहन्छन् । परम्परागत रूपमा चल्दै आएका पेपर पेन्सिल टेष्टबाट मात्र सिकाइको वास्तविक मूल्याङ्कन नहुने भएकाले निरन्तर मूल्याङ्कनको अवधारणालाई अङ्गीकार गर्न, आवश्यक रहेको छ । निरन्तर मूल्याङ्कनअन्तर्गत विद्यार्थीको मूल्याङ्कनमा उनीहरूको कक्षाकार्य, भाषिक व्यावहार, गृहकार्यदेखि पूर्वपरीक्षण, १०-१० दिनको फरकमा लिइएको आवधिक परीक्षा तथा उत्तर परीक्षण जस्ता मूल्याङ्कनका विविध साधनहरू पर्दछन् । यसैबाट उनीहरूको सिकाइको गति पत्ता लगाउन सकिन्छ । यस्ता परीक्षाहरूबाट कुन विद्यार्थीको स्तर कस्तो रहेछ, कमी, कमजोरी कुन कुन भाषिक सीपमा रहेछ सो कुरालाई सूक्ष्म रूपमा हेर्न र त्यसको सही निराकरण गर्न सकिन्छ । ६ हप्तासम्मको समयावधिमा गरेको विभिन्न परीक्षाको विवरण तथा पूर्वपरीक्षण र उत्तरपरीक्षणको विवरणसमेत शोधपत्रको यस अध्यायमा उल्लेख गरिएको छ । यस क्रममा विद्यार्थीको उपलब्धिस्तर सहज र स्पष्ट ढङ्गले देख्ने गरी आवधिक परीक्षाको एउटा तुलनात्मक तालिकीकरण प्रस्तुत गरिएको छ । यी सबै कुरालाई राम्ररी नियाल्दा अर्धवार्षिक तथा वार्षिक परीक्षामा मात्र भर नपरी निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको उपलब्धि स्तरमा वृद्धि भएको कुरा स्पष्ट हुन्छ ।

# अध्याय : छ

# पूर्वपरीक्षण र उत्तरपरीक्षणबीचको तुलना

## ६.१ उत्तरपरीक्षण

यस शोधपत्रका लागि गरिएको अध्ययन अनुसन्धानका क्रममा सर्वप्रथम १०० पूर्णाङ्कको पूर्वपरीक्षण गरिएको छ । सो पूर्वपरीक्षणमा कक्षा चारका स्तरका प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरिएको छ । उक्त परीक्षाको प्राप्ताङ्कलाई हेर्दा औसतमा ४४.३९ अङ्क रहेको छ । सो अङ्कको स्तरका आधारमा उत्तरपरीक्षणसम्म आइपुग्दा विद्यार्थीको सिकाइ स्तरमा कति वृद्धि भयो भन्ने कुरा उत्तरपरीक्षणको अङ्कबाट प्रष्ट हुन्छ ।

शोधपत्रलाई अगाडि बढाउने क्रममा विद्यार्थीले नेपाली भाषाको सिकाइमा के कस्तो प्रगति गरे भन्ने कुरा देखाइएको छ । पूर्वपरीक्षण गर्दा कक्षा चारका स्तरका प्रश्नपत्र र ६ हप्ता पछिका उत्तरपरीक्षणमा कक्षा ५का प्रश्नपत्र निर्माण गरिए तापनि दुबै प्रश्नपत्र एउटै ढाँचामा निर्माण गरिएको छ । ६ हप्तापछिको शिक्षणपश्चात् उत्तरपरीक्षण सञ्चालन गरिएको छ ।

उत्तर परीक्षण :

| क्र.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशतमा |
|---|---|---|---|---|
| १. | मेनुका राई | १०० | ७६ | ७६% |
| २. | निरूता कार्की | १०० | ७५ | ७५% |
| ३. | सोनु तामाङ | १०० | ६६ | ६६% |
| ४. | समीक्षा लिम्बू | १०० | ६७ | ६७% |
| ५. | सुलोचना लिम्बू | १०० | ६४ | ६४% |
| ६. | रिया कार्की | १०० | ६७ | ६७% |
| ७. | केशव कार्की | १०० | ५३ | ५३% |
| ८. | प्रेमकुमारी तामाङ | १०० | ४७ | ४७% |
| ९. | कामना दाहाल | १०० | ४९ | ४९% |
| १०. | तुलसी दाहाल | १०० | ४० | ४०% |
| ११. | सम्झना आले | १०० | ४१ | ४१% |

| | | | | |
|---|---|---|---|---|
| १२. | धनमाया पुलामी | १०० | ४१ | ४१% |
| १३. | जित ब. भुजेल | १०० | ४३ | ४३% |
| १४. | अमृता मादेन | १०० | ४० | ४०% |
| १५. | एञ्जिला खड्का | १०० | ४५ | ४५% |
| १६. | सुशन लिम्बू | १०० | ४९ | ४९% |
| १७. | बिमला तामाङ | १०० | ४१ | ४१% |
| १८. | गोकुल वि.क | १०० | ३६ | ३६% |
| १९. | रोहित पुरकुटी | १०० | ३६ | ३६% |
| २०. | सञ्जिब तामाङ | १०० | ४१ | ४१% |
| २१. | प्रज्ज्वल वर्देवा | १०० | ४३ | ४३% |
| २२. | अरविन पौडेल | १०० | ४० | ४०% |
| २३. | अमिषा घिमिरे | १०० | ४३ | ४३% |
| २४. | अमृता भट्राई | १०० | ५५ | ५५% |
| २५. | मनिका कठेत | १०० | ५५ | ५५% |
| २६. | सुनिल मगर | १०० | ५८ | ५८% |
| २७. | सरोज घिमिरे | १०० | ६२ | ६२% |
| २८. | बिनम चौधरी | १०० | ५२ | ५२% |

यस शोधपत्रलाई अगाडि बनाउने क्रममा कक्षा शिक्षणको सुरुको अवस्थामा लिइएको पूर्वपरीक्षण र प्रत्येक १०-१० दिनको फरकमा लिइएको आवधिक परीक्षा लिदै ६ हप्तापश्चात् उत्तरपरीक्षणको रूपमा १०० पूर्णाङ्कको लिखित परीक्षा लिइएको छ । प्रत्येक हप्ताको आवधिक परीक्षामा क्रमशः विद्यार्थीको सिकाइ उपलब्धि उत्तरपरीक्षणसम्म आइपुग्दा निकै वृद्धि भएको स्पष्ट देखिन्छ । यस उत्तरपरीक्षणमा ३०% देखि ४०% को बीचमा अङ्क ल्याउने जम्मा २ जना, ४०% देखि ५०% को बीचमा अङ्क ल्याउने जम्मा १४ जना, ५०% देखि ६०% को बीचमा अङ्क ल्याउने जम्मा ५ जना र ६०% देखि ७०% बीचमा अङ्क ल्याउने जम्मा ५ जना, ७०% देखि ८०%को बीचमा अङ्क ल्याउने जम्मा २ जना रहेका छन् । यस परीक्षणको औसत अङ्क ५०.८९ रहेको छ । यो अङ्क हेर्दा ६ हप्ताको अवधिमा देखिएको राम्रो प्रगति भएको मान्न सकिन्छ ।

कक्षाकार्य, गृहकार्य, लिखित परीक्षा तथा मौखिक परीक्षा आदि सबै पक्षको मूल्याङ्कन गरी गरिएको यस अध्ययनमा पूर्व परीक्षण र उत्तर परीक्षण चाहिँ १०० पूर्णाङ्कको लिखित परीक्षा मात्र लिइएको छ ।

## ६.२ उत्तरपरीक्षण र पूवपरीक्षणबीचको तुलना

यो शोधपत्र कक्षा ५मा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली भाषा सिकाइको प्रगति विवरण देखाउनुमा केन्द्रित रहेको छ । यस कार्यलाई अघि बढाउनको लागि अध्ययनको सुरुको अवस्थामा शिक्षण सिकाइको सहभागिता (कक्षाकार्य, गृहकार्य आदि) र शिक्षणकाबीच बीचमा दिइएको सकारात्मक पूनर्वल (राम्रो छ , ठीक गऱ्यौ, धन्यवाद आदि) र निरन्तर रूपमा गरिएको मूल्याङ्कनका माध्यमबाट गरिएको ६ हप्तापश्चात् विद्यार्थीहरूमा भएको प्रगतिलाई विवरणात्मक रूपमा उल्लेख गरिएको छ । कक्षाको सुरुमा लिइएको पूर्वपरीक्षण र ६ हप्ताको शिक्षणपश्चात् लिइएको उत्तर परीक्षणको तुलना गर्दा सिकाइमा कति प्रगति भयो भन्ने कुरा स्पष्ट रूपमा देखाउन सकिन्छ । वास्तवमा भन्ने हो भने सुरुमा लिएको पूर्वपरीक्षण र पछि लिएको उत्तरपरीक्षणको उपलब्धि बीचको अन्तर नै विद्यार्थीले गरेको प्रगति हो । यो प्रगति स्तर हेर्दा एकै चोटी नभएर, क्रमिक रूपले अगाडि बढेको देखिन्छ । यसलाई तालिकामा यसरी देखाउन सकिन्छ :


| क्र.सं. | विद्यार्थीको नाम | पूर्वपरीक्षण | उत्तरपरीक्षण | फरक |
|---|---|---|---|---|
| १. | मेनुका राई | ६० | ७६ | १६ |
| २. | निरूता कार्की | ५४ | ७५ | २१ |
| ३. | सोनु तामाङ | ४९ | ६६ | १७ |
| ४. | समीक्षा लिम्बू | ५१ | ६७ | १६ |
| ५. | सुलोचना लिम्बू | ५२ | ६४ | १२ |
| ६. | रिया कार्की | ६० | ६७ | ०७ |
| ७. | केशव कार्की | ३९ | ५३ | १४ |
| ८. | प्रेमकुमारी तामाङ | ३६ | ४७ | ११ |

| | | | | |
|---|---|---|---|---|
| ९. | कामना दाहाल | ३७ | ४९ | १२ |
| १०. | तुलसी दाहाल | ३५ | ४० | ०५ |
| ११. | सम्झना आले | ४० | ४१ | ०१ |
| १२. | धनमाया पुलामी | ४१ | ४१ | ० |
| १३. | जित ब. भुजेल | ४१ | ४३ | ०२ |
| १४. | अमृता मादेन | ३९ | ४० | ०१ |
| १५. | एञ्जिला खड्का | ४४ | ४५ | ०१ |
| १६. | सुशन लिम्बू | ४८ | ४९ | ०१ |
| १७. | बिमला तामाङ | ३५ | ४१ | ०६ |
| १८. | गोकुल वि.क | ३५ | ३६ | ०१ |
| १९. | रोहित पुरकुटी | ३६ | ३६ | ० |
| २०. | सञ्जिब तामाङ | ३७ | ४१ | ०४ |
| २१. | प्रज्ज्वल वर्देवा | ३८ | ४३ | ०५ |
| २२. | अरविन पौडेल | ३६ | ४० | ०४ |
| २३. | अमिषा घिमिरे | ३६ | ४३ | ०७ |
| २४. | अमृता भट्राई | ५४ | ५५ | ०१ |
| २५. | मनिका कठेत | ५३ | ५५ | ०२ |
| २६. | सुनिल मगर | ५७ | ५८ | ०१ |
| २७. | सरोज घिमिरे | ५० | ६२ | १२ |
| २८. | बिनम चौधरी | ५० | ५२ | ०२ |

विद्यार्थीको पूर्वपरीक्षणमा प्राप्त प्राप्ताङ्क र उत्तरपरीक्षणबीचको प्राप्ताङ्कलाई तालिकामा राखेर तुलना गर्दा पूर्वपरीक्षणमा सवै भन्दा बढी ६०% अङ्क रहेको छ भने उत्तरपरीक्षणमा सबैभन्दा बढी ७६% अङ्क रहेको छ । तुलनात्मक रूपमा हेर्दा पूर्व परीक्षणमा सबै भन्दा कम अङ्क ३५ रहेको छ भने उत्तरपरीक्षणमा सबै भन्दा कम ३६ अङ्क रहेको छ । पूर्वपरीक्षणको औसत प्रतिशतलाई तुलना गर्दा ४४.३९% रहेको छ भने उत्तरपरीक्षणको औसत अङ्क ५०.८९ रहेको छ। यी भाथिका सवै कुरालाई विचार गरेर हेर्दा पूर्वपरीक्षणको

सिकाइ उपलब्धिस्तर भन्दा ६ हप्ता पछिको उपलब्धि स्तरमा वृद्धि भएको पाइएको छ । यसरी सिकाइको स्तर वृद्धि हुँदा सबै विद्यार्थीको एकैनासले वृद्धि नभै कसैको उल्लेख्य वृद्धि र कसैको थोरै मात्र वृद्धि भएको पाइन्छ । तर पनि पूर्वपरीक्षणका तुलनामा उत्तरपरीक्षणसम्म आइपुग्दा शन्तोषजनक वृद्धि भएको छ ।

उत्तरपरीक्षणको उपलब्धि स्तरलाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छ :




माथिको वृत्त चित्रमा देखिएको जस्तो विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गर्नका लागि भाषाका सीप पक्ष जस्तै - सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई उत्तिकै रूपमा सिकाउनु पर्दछ । यसका लागि भाषा शिक्षकले अत्यन्त सजग र निरन्तर प्रयासमा जुटी रहनुपर्छ । प्रत्येक विद्यार्थीको प्रत्यक्ष रूपमा निगरानी गरी कमी कमजोरी भएका ठाँउमा पुनर्वलको व्यवस्था गर्नु आवश्यक पर्दछ । यसका लगि नै निरन्तर मूल्याङ्कन गर्न आवश्यक देखिन्छ ।

### ६.२.१ कक्षाकार्य र गृहकार्य बीचको तुलना

अध्ययन अनुसन्धानको क्रममा विद्यार्थीहरूको उपलब्धि स्तर पत्ता लगाउने विभिन्न माध्यमहरू प्रयोग गरिएको छ । जसमा कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा तथा १० दिनको फरकमा लिइएको आवधिक परीक्षाको प्रयोग गरिएको छ । लिखित परीक्षालाई मात्र आधार नमानी कक्षाकार्य र गृहकार्यलाई पनि छुट्टाछुट्टै पूर्णाङ्क तोकी विद्यार्थीको सिकाइ मूल्याङ्कन गरी त्यसलाई पनि अभिलेखमा राखिएको छ । कक्षाकार्यको रूपमा अभ्यासमा भएका कुराहरूलाई कक्षामै गर्न लगाइएको र गृहकार्यको रूपमा घरमा गरेर ल्याउन निर्देशन दिइएको छ । दुवै कार्यलाई २०-२० पूर्णाङ्क छुट्याएको छ । शिक्षण अवधिमा गरिएका यी कार्यमा गृहकार्यभन्दा कक्षाकार्यको प्रगतिस्तर राम्रो देखिन्छ । आवधिक परीक्षाको अङ्क

गृहकार्यकोभन्दा कक्षा कार्यको नै बढी देखिएको छ । यसरी गृहकार्यको भन्दा कक्षाकार्यको प्रगतिस्तर वृद्धि हुनुमा शिक्षकको प्रत्यक्ष सहभागिता, तथा उनीहरूको उपयुक्त घरायसी वातावरण नहुनु नै हो । अशिक्षित अभिभावक, आर्थिक अवस्थाको कमी आदि यसका कारक तत्त्वका रूपमा लिन सकिन्छ तर कक्षाकार्यमा चाहिँ कक्षा कोठामा जान्ने विद्यार्थीहरूसँग छलफल तथा शिक्षकको रेखदेखमा भएकाले प्रगतिस्तर उक्सेको हुन सक्छ ।

भाषाका चारैवटा सीपको राम्रोसँग विकास हुनु भनेको नै नेपाली भाषाको सिकाइ हो । यी सीपको उपयुक्त विकास हुनलाई पढ्ने, लेख्ने, छलफल गर्ने वातावरण नै उपयुक्त हुनु पर्दछ । त्यसमा विद्यार्थीको रूचि, क्षमता, उमेर आदि मनोवैज्ञानिक कुराले पनि सिकाइमा प्रत्यक्ष असर पार्दछ । यसको लागि पनि उपयुक्त वातावरण हुन आवश्यक छ । यसका लागि कक्षाको उपयुक्त वतावरणमा स्वयं भाषा शिक्षक सजग हुनु आवश्यक छ ।

सुरुको आवधिक परीक्षादेखि चौथो परीक्षासम्मको कक्षाकार्य तथा गृहकार्यको नतिजालाई तालिकामा यसरी देखाइएको छ ।

| आवधिक परीक्षा | कक्षाकार्य | गृहकार्य |
|---|---|---|
| पहिलो आवधिक परीक्षा | २६३ | २२० |
| दोस्रो आवधिक परीक्षा | २६८ | २४१ |
| तेस्रो आवधिक परीक्षा | २८३ | २२८ |
| चौथो आवधिक परीक्षा | ३०९ | २४७ |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने हरेक गृहकार्यको भन्दा कक्षाकार्यको प्राप्ताङ्क बढी छ । पहिलो आवधिक परीक्षामा कक्षाकार्य भन्दा गृहकार्यको अङ्क ४२ ले फरक छ भने चौथो आवधिक परीक्षामा यो अङ्क बढेर ६२ पुगेको छ । यसो हुनुमा विद्यार्थीहरूको गृहकार्य गर्ने घरको वातावरण उपयुक्त नहुनु, आमा-बावु त्यति शिक्षित नहुनु, घरमा कामको चटारो आदिले गर्दा कक्षाकार्यका तुलनामा गृहकार्यमा कम अङ्क ल्याएका हुन् । कक्षाकार्यमा शिक्षकको प्रत्यक्ष निगरानी, साथी साथीबीच छलफल, तथा कक्षाकार्य गरेर देखाउँदा साथीहरूका अगाडि पाइने सकारात्मक पूर्नबल आदिले कक्षाकार्यको नतिजा राम्रो आएको हो ।

### ६.२.२ लिखित र मौखिक परीक्षाको तुलना

यो शोधकार्य पूरा गर्ने क्रममा लिइएका विभिन्न परीक्षाहरूमा लिखित तथा मौखिक परीक्षाको पनि सञ्चालन गरिएको थियो । लिखित परीक्षालँई ५० पूर्णाङ्क र मौखिक परीक्षालाई १० पूर्णाङ्क छुट्याइएको छ । मौखिक तथा लिखित परीक्षा प्राप्ताङ्कलाई छुट्टाछुट्टै अभिलेख राखिएको छ । भाषिक अभिव्यक्तिका दुईवटा सीपहरू जस्तै- बोलाइ र लेखाइ क्षमताको विकास गर्ने उद्देश्यले दुईवटै माध्यमबाट परीक्षा सञ्चालन गरिएको छ । लिखित परीक्षाले समेट्न नसकेका पक्षहरूलाई मौखिक परीक्षाले समेट्न सकेको हुन्छ । मौखिक परीक्षाबाट विद्यार्थीमा निर्धक्कसँग बोल्ने, प्रश्नको उत्तर दिन सक्ने, तर्क गर्न सक्ने क्षमताको विकास हुन्छ भने लिखित परीक्षाबाट शब्दभण्डार, लेखन शैली बढ्न सक्ने कुरा निर्विवाद छ । यस परीक्षामा कुनै विद्यार्थीले लेखनशैलीमा कुशलता देखाएका छन् भने कतिपय विद्यार्थीले वाक्शौलीमा कुशलता देखाएका छन् । विद्यार्थीको आ-आफ्नो रूचि अनुसार बोलाइ तथा लेखाइमा रूचि देखाएका छन् ।

यस शोधपत्रमा प्रत्येक आवधिक परीक्षामा लिखित परीक्षामा ५० पूर्णाङ्क र प्रत्येक मौखिक परीक्षामा १० पूर्णाङ्क तोकिएको छ । हरेक आवधिक परीक्षामा सबै विद्यार्थीको प्राप्ताङ्कलाई समग्र प्रतिशतको रूपमा तालिकामा यसरी देखाउन सकिन्छ :

| आवधिक परीक्षा | लिखित परीक्षा (प्रतिशत अङ्क) | मौखिक (प्रतिशत अङ्क) |
|---|---|---|
| पहिलो आवधिक परीक्षा | ५८६ (४१.८५%) | १७८ (६३.५७ % ) |
| दोस्रो आवधिक परीक्षा | ६०१ (४२.९२ % ) | १८२ (६५.० % ) |
| तेस्रो आवधिक परीक्षा | ६२८ (४४.८५ % ) | १९९ (७१.०७ % ) |
| चौथो आवधिक परीक्षा | ६४३ (४५.९२ % ) | २०४ (७२.८५ % ) |

माथिको तालिकाकाअनुसार पहिलो आवधिक परीक्षादेखि नै विद्यार्थीहरूले लिखित परीक्षामा भन्दा मौखिक परीक्षामा प्राप्ताङ्क बढी ल्याएका छन् । यसो हुनुको कारण लेखनशैली भन्दा बाक्शैलीमा विद्यार्थीको प्रगति देखिएको छ । लेखाइमा शब्दगठन, वाक्यगठन, हिज्जे, वाक्यअनुसार कर्ता र क्रियाको सङ्गति आदिमा धेरै त्रुटि देखिएको छ । दिनहुँ कक्षामा गराइने मौखिक तथा कक्षाकार्यको अभ्यासले पनि विद्यार्थीको उपलब्धि स्तरमा वृद्धि भएको देखिन्छ । कुनै पनि विद्यार्थीको लिखित र मौखिक परीक्षाको प्राप्ताङ्क एकै किसिमको छैन ।

कुनै विद्यार्थीको उपलब्धि स्तर लिखित भन्दा मौखिकमा बढी छ भने कुनैको लिखितमा बढी देखिएको छ । तापनि समग्रमा हेर्दा विद्यार्थीहरूको प्रगति विवरण हेर्दा लिखितमा भन्दा मौखिक परीक्षामा बढी देखिएको छ ।

**६.२.३ उच्च प्रगतिस्तर हुने र न्यून प्रगतिस्तर हुने बीचको तुलना**

सबै व्यक्ति फरक फरक हुन्छन् । सबै एकै किसिमका हुँदैनन् । सबैको बानी व्यवहार, सिक्ने क्षमता, रूचि एकै नासको हुँदैन । यसो हुनुमा वातावरणीय कारण र वंशानुगत कारण पर्दछन् । वंशानुगतकै कारणले कोही विद्यार्थी पढाइमा तेजिला छन् भने कोही मन्द वुद्धिका छन् कोही सिकाएको कुरा चाँडै सिक्ने खालका छन् भने कोही ढिलो सिक्ने तथा पछाडि बस्ने सिक्नमा अल्छी गर्ने खालका देखिन्छन् । यति मात्र नभइ घरायसी वातावरणको कारणले पनि बालबालिकाको सिकाइमा समान वृद्धि हुन सक्दैन ।

यस शोधपत्रको अध्ययनमा नमुना छनोटमा परेको श्री सरस्वती मा.विद्यालयका कक्षा ५ मा अध्ययनरत जम्मा २८ जना विद्यार्थीहरूमा अनुसन्धान गर्दा पनि सबै विद्यार्थीको प्रगतिस्तर सुरुका अवस्थादेखि नै उच्च देखिन्छ भने कुनै विद्यार्थीको जति नै प्रयास गर्दा सन्तोषजनक प्रगति हुनु सकेको छैन । यस क्रममा ६ हप्ता सम्मको कक्षा पाँचमा प्रत्यक्ष शिक्षण गर्दा पूर्वपरीक्षणभन्दा उत्तरपरीक्षणमा निकै राम्रो प्रगति गर्ने विद्यार्थीको सङ्ख्या ९ जना रहेको छ । यी विद्यार्थीहरूमा ११ % देखि २१ % सम्म प्रगति भएको छ । ५ जना विद्यार्थीमा ५ % देखि १० % प्रगति स्तमा वृद्धि भएको देखिएको छ । प्रगति स्तर सबैभन्दा कम हुने विद्यार्थीहरू जम्मा १४ जना विद्यार्थी रहेका छन् त्यसमा पनि २ जना विद्यार्थीको प्रगति स्तर ० रहेको छ र रोहित पुरकुटी र धनमाया पुलामीको प्रगतिमा वृद्धि भएको छैन । २ जना विद्यार्थीको ४ % ले वृद्धि, ३ जनाको २ % ले वृद्धि र ७ जनाको १ % ले मात्र वृद्धि भएको देखिन्छ । कम अङ्क प्राप्त गर्न विभिन्न कुराहरू कारकतत्त्व बनेका छन् । पूर्वपरीक्षणको तुलनामा उत्तरपरीक्षणसम्म आइपुग्दा सबभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रा निरूता कार्की रहेकी छन् । उनको २१ % अङ्क प्रगति भएको देखिन्छ । कक्षामा नियमित उपस्थिति, कक्षाकार्य, गृहकार्य तथा लगातारको सकारात्मक पृष्ठपोषणका कारणले उनले त्यसरी प्रगति गरेको पाइन्छ । यो वाहेक मातृभाषा नेपाली नै भएकाले पनि उनलाई थप सहयोग पुऱ्याएको छ । यसै क्रममा पूर्वपरीक्षणदेखि उत्तरपरीक्षणसम्म आइपुग्दा आफ्नो नाम अग्रस्थानमा राख्न सफल विद्यार्थीहरूमा मेनुका राई, सोनु तामाङ, समीक्षा लिम्बू, सुलोचना

लिम्बू, रिया कार्की, सरोज घिमिरे रहेका छन् । यी विद्यार्थीहरू मध्ये सोनु तामाङको मातृभाषा नेपाली नभएर तामाङ रहे, तापनि उनलै १७ % र समीक्षा लिम्बूको मातृभाषा लिम्बू भए तापनि उनले १६ % अङ्क प्रगति गरेकी छन् । यसरी हेर्दा मातृभाषा अर्को भएका विद्यार्थीले पनि नेपाली भाषामा गरेको यो प्रगतिलाई राम्रो मान्न सकिन्छ ।

घरमा उपयुक्त वातावरण, विद्यालयमा सिकाइको उपयुक्त वातावरण हुँदा हुँदै पनि सबै विद्यार्थीले समान रूपमा प्रगति गर्न सकेका हुँदैनन् । कसैको तीक्ष्ण वुद्धिका कारणले चाँडै प्रगति गर्न सक्छन् भने कसैको मन्द वुद्धिका कारणले कम प्रगति गर्छन् । यस शोधपत्रको अध्ययनको क्रममा गरिएको परीक्षामा नमुना छनौटमा परेका २८ जना मध्ये धनमाया र रोहितको प्रगतिस्तर शून्य देखिन्छ । पूर्वपरीक्षणमा ४१ अङ्क ल्याएकी धनमाया र ३६ अङ्क ल्याएका रोहित  उत्तरपरीक्षणसम्म आइपुग्दा पनि प्रगतिस्तर यथावत छ, जसमा प्रगति भएको छैन , त्यसैगरी सम्भना, अमृता एञ्जिला, शुसन, गोकुल, अमृता मादेन, सुनिल आदिको उल्लेख्य मात्रामा प्रगति हुन सकेको छैन । मन्द वुद्धि, घरायसी वातावरण उपयुक्त नहुनुका कारण यी विद्यार्थीले अरूका तुलनामा उल्लेख्य प्रगति गर्न सकेका छैनन् । यी वाहेक घरको आर्थिक अवस्थाका कारण, नियमित रूपमा विद्यालय आउन नपाउनु, पोषणयुक्त खाना खान नपाउनु, खाना नखाइ विद्यालय आएको कारण, टिफिनपछाडि विद्यालयबाट भाग्ने आदि कारणले पनि विद्यँर्थीको प्रगतिमा उल्लेख्य वृद्धि हुन नसकेको हो । यी बाहेक अशिक्षित पारिवारिक वातावरण विद्यालयप्रति लगनशीलताको कमी अभिभावकहरूबाट प्रेरणाको अभाव आदि कारणले पनि विद्यार्थीको प्रगतिस्तरमा वृद्धि हुन नसकेको हो । यस अनुसन्धानमा छनोटमा परेका २८ जना विद्यार्थी मध्ये १७ जना छात्रा र ११ जना छात्र रहेका छन् । छात्र र छात्राबीचको प्रगतिस्तर हेर्दा छात्रको तुलनामा छात्राको प्रगतिस्तर राम्रो देखिन्छ ।

## ६.३ निष्कर्ष :

यस अनुसन्धानलाई अगाडि बढाउने क्रममा कक्षा ५ को विद्यार्थीको नेपाली सिकाइ उपलब्धि मूल्याङ्कन गर्न विभिन्न माध्यमको प्रयोग गरिएको छ । विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि लेखाजोखा गर्ने क्रममा पूर्वपरीक्षण, आवधिक परीक्षा, कक्षाकार्य, गृहकार्य

तथा अन्तमा उत्तरपरीक्षण गर्नका लागि विभिन्न माध्यम वा तरिका प्रयोग गरिएको छ । ती मध्ये यस शोधपत्रमा निम्न माध्यमको प्रयोग गरिएको छ :

क) कक्षाकार्य : अध्ययनका क्रममा विद्यार्थीहरूलाई कक्षाकोठामै पढ्न, लेख्न, पाठमा भएका अभ्यास गर्न लगाएर त्यसको जाँच गर्ने,

ख) गृहकार्य : विद्यालयमा पढाएका पाठ घरमा गएर पढ्ने, र अभ्यास गरेर ल्याउन दिने र त्यसको जाँच गर्ने,

ग) मौखिक जाँच : विद्यार्थीहरूलाई पाठ सस्वरबाचन गर्न लगाउने, विभिन्न मौखिक उत्तर सोध्ने, मौखिक प्रस्तुति गर्न लगाइ जाँच्ने,

घ) लिखित जाँच : विद्यार्थीहरूलाई लिखित रूपमा परीक्षा लिई त्यसको जाँच गर्ने, कक्षा भित्र गर्न सकिने प्रश्नोत्तर, छलफल, घटना बर्णन अतिरिक्त क्रियाकलाप आदि पर्दछन् ।

शोध कार्य पूरा गर्नका लागि गरिएको समग्र कार्यकलापलाई राम्ररी नियाल्दा पूर्वपरीक्षण देखि उत्तरपरीक्षणसम्म आइपुग्दा प्रत्येक आवधिक परीक्षाको नतिजालाई हेर्दा सबै जसो विद्यार्थीको प्रगति भएको पाइयो । आवधिक परीक्षाको क्रममा विभिन्न माध्यम अपनाएको छ । जस्तै कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, लिखित परीक्षा आदि सबैका विश्लेषण गर्दा गृहकार्यमा भन्दा कक्षाकार्यमा प्रगति गरेको, लिखित परीक्षामा भन्दा मौखिक परीक्षामा प्रगति गरेको पाएको छ । त्यसैगरी छात्रको तुलनामा छात्राका सङ्ख्या धेरै र प्रगति पनि छात्राको नै राम्रो रहेको पाइयो । सबै विद्यार्थीको समान गतिमा प्रगति नभई फरक गतिमा भएको पाइएको छ । कसैको धेरै राम्रो प्रगति भएको छ भने कसैको त्यति सन्तोषजनक नभएको पाइएको छ तर पनि समग्र रूपमा भन्ने हो भने निरन्तर रूपमा मूल्याङ्कन गर्‍यो भने विद्यार्थीको सिकाइमा उल्लेख्य वृद्धि हुने कुरा निर्विवाद रूपमा पूर्वपरीक्षण र उत्तरपरीक्षणको तुलना हेर्दा देखिन्छ । पूर्वपरीक्षणको तुलनामा उत्तरपरीक्षणसम्म आइपुग्दा ६.५% ले वृद्धि भएको देखिन्छ ।

## अध्याय - सात

# निष्कर्ष तथा सुझाव

### ७.१. पृष्ठभूमि

प्रभावकारी शिक्षण सिकाइ नै गुणस्तरीय शिक्षाको आधार हो । त्यसमा पनि नेपाली भाषाको शिक्षण भनेको विषय वस्तुको मात्र शिक्षण नभएर भाषाका चारवटा सीपहरूको शिक्षण हो । भाषाका यी चारवटा सीपको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध भएकाले एकको सिकाइ बिना अर्को सिकाइ अपाङ्ग बन्न जान्छ । विद्यार्थीहरूलाई सम्बन्धित भाषामा भाषिक कुशल एवं दक्ष बनाउनु नै भाषा शिक्षण हो । भाषाको विशुद्ध प्रयोग, हिज्जे तथा व्याकरणसम्बन्धी देखिएका विभिन्न त्रुटिहरूलाई हटाउन, भाषिक ध्वनिहरूको अभ्यास पनि भाषा शिक्षणबाटै सम्भव हुन्छ । प्रभावकारी भाषा शिक्षणका लागि भाषा शिक्षणका सिद्धान्तहरू अभ्यास तथा पुनरावृत्ति, स्तरीयता तथा उपयुक्तता, क्रमवद्धता, निरन्तर मूल्याङ्कन आदिको उपयोग गर्नु पर्दछ । भाषिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ स्तर कुन रूपमा अगाडि बढी रहेको छ भन्ने कुराको जानकारी दिन्छ । भाषा शिक्षणपश्चात् विद्यार्थीहरूले प्राप्त गरेको भाषिक सीप उद्देश्य अनुसारको छ, छैन भन्ने कुरा पत्ता लगाउन पनि भाषिक मूल्याङ्कनको आवश्यकता पदर्छ । निरन्तर भाषिक मूल्याङ्कनबाट विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाई कमजोर विद्यार्थीलाई सकारात्मक पृष्ठपोषण दिइ उनीहरूको सिकाइ स्तर बढाउन सकिन्छ । त्यसैले समयको परिवर्तनसँगै पेपर पेन्सिल टेष्टमा भर नपरी निरन्तर रूपमा मूल्याङ्कन गरी विद्यार्थीको भाषिक क्षमता बढाउन आवश्यक देखिन्छ ।

### ७.२ निष्कर्ष

पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्नका लागि केवल लिखित परीक्षामा मात्र भर नपरी निश्चित पाठको शिक्षणपश्चात् विद्यार्थीमा हासिल हुने सिकाइ उपलब्धिको मापन गरी विद्यार्थीमा भएका कमी कमजोरी पत्ता लगाइ उपयुक्त किसिमको पृष्ठपोषण दिनु पदर्छ । विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्नका लागि उपलब्धिसूचक तयार गरिन्छ । यसका लागि शिक्षकलाई कक्षा शिक्षणका साथै निरन्तर रूपमा गरिएको परीक्षणको लेखाजोखा गरी अभिलेख राख्न सजिलोका लागि विषयगत सिकाइ उपलब्धिसूचक फारामहरूको पनि व्यवस्था हुन थालिसकेको छ । ती फारामहरूमा विद्यार्थीको प्रगति विवरणलाई अभिलेखको

रूपमा राखेर देखाउन सकिन्छ । यसरी विद्यार्थीले पाएको प्राप्ताङ्कलाई अभिलेखमा राख्दा मापन चुस्त दूरूस्त हुन जान्छ । यसो गर्दा हरेक पटकका रेकर्ड हेरेर विद्यार्थीलाई थप पुर्नवल प्रदान गर्न सकिन्छ । निरन्तर रूपमा मूल्याङ्कन गरेर प्राप्त प्राप्ताङ्कको लेखाजोखा गरी उनीहरूका कमी कमजोरीबारे उनीहरूका अभिभावकलाई समेत जानकारी दिन सकिन्छ । यसले गर्दा हरेक विद्यार्थीलाई बेलैमा उपचारात्मक शिक्षण गर्न सकिन्छ । यसको लागि पनि निरन्तर मूल्याङ्कनको आवश्यकता प्रष्ट हुन्छ ।

विशेषगरी नेपली भाषाका शिक्षकहरूका लागि निरन्तर मूल्याङ्कन गर्नु अति आवश्यक देखिन्छ । यसो गर्दा उनीहरूमा परीक्षाको भय कम हुने र कक्षामा सहभागिता बढेको पाइएको छ । निरन्तर मूल्याङ्कन गर्दा पठन पाठनको सँगसँगै गरिने भएकाले उनीहरूलाई सिकाइ पनि प्रभावकारी हुन्छ । विद्यार्थीको सिकाई उपलब्धि पत्ता लगाउने विभिन्न माध्यमहरू जस्तै सस्वरवाचन, छलफल, अभिनय, प्रश्नोत्तर, कार्ययोजना जस्ता विद्यार्थी केन्द्रित विधिले विद्यार्थीमा सहज तरिकाले सिकाइ हुन्छ जसले गर्दा विद्यार्थीको विद्यालयप्रतिको सन्त्रास कम हुन्छ र सहभागिता बढछ । यसबाट के कुरा प्रष्ट हुन्छ भने शिक्षकमुखी सिकाइभन्दा विद्यार्थीमुखी शिक्षण सिकाइ नै बढी प्रभावकारी हुन्छ ।निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा गरिने कक्षाकार्य, गृहकार्य, समस्या प्रस्तुति, अवलोकन परियोजना कार्य, अभ्यास, प्रयोग नै विद्यार्थी मूल्याङ्कनका तरिकाहरू हुन् । यी सबै तरिकाको प्रयोग उचित तरिकाबाट गर्न सकेमा सिकाइ प्रभावकारी हुनुका साथै शिक्षकको पनि उद्देश्य पूरा हुन्छ ।

यस शोधपत्रको अध्ययन गर्ने क्रममा सुनसरी जिल्ला इटहरी न.पा. वार्ड नं-३ स्थित श्री सरस्वती मा.वि.मा अध्ययनरत २८ जना विद्यार्थीहरूलाई ६ हप्ता सम्मको प्रत्यक्ष शिक्षण गरी प्रत्येक १०-१० दिनको फरकमा आवधिक परीक्षा, दिनहुँ कक्षाकार्य, गृहकार्य र अवलोकन गरी लेखाजेखा गरिएको छ । हरेक परीक्षाको प्राप्ताङ्कको जनकारी विद्यार्थीहरूलाई दिँदा विद्यार्थी पनि उत्साहित भएका पाइएको छ । यसका साथै विद्यार्थीका कमी कमजोरी पत्ता लगाई उनीहरूलाई थप पृष्ठपोषण दिन, अभिभावकलाई जानकारी गराउन सजिलो हुन्छ । त्यसैले शैक्षिक गुणस्तरलाई बढाउने एक मात्र उपाय निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लिन सकिन्छ । ६ हप्ताको छोटो समयमा पनि प्रत्यक्ष निगरानी गर्दा

विद्यार्थीको अवस्थामा क्रमिक परिवर्तन आएको पाइएको छ । सुरुमा गरिएको पूर्वपरीक्षणदेखि उत्तरपरीक्षणसम्म आइपुग्दा ६.५ प्रतिशत प्रगति भएको पाइएको छ । त्यसैले नेपाल सरकारले ल्याएको यो अवधारणाको सबैले स्वागत गर्नुपर्ने देखिन्छ । विद्यार्थीको स्तर, कक्षा हेरी, सही तरिकाबाट निरन्तर मूल्याङ्कन गरियो भने अवश्य पनि विद्यार्थीले आशातीत उपलब्धि हासिल गर्ने रहेछन् भन्ने कुरामा दुईमत छैन भन्ने निष्कर्ष दिन सकिन्छ ।

## ७.३. सुझाव

अध्ययन अनुसन्धानका क्रममा अपेक्षित उद्देश्य प्राप्तिका लागि गरिएका विभिन्न प्रयासहरूमा कमी कमजोरी आइपर्दछन् । यस्ता किसिमका कमी कमजोरीहरू हटाउन भाषा विषयसँग सम्बन्धित विभिन्न किसिमका उपायहरू अवलम्बन गर्नुपर्छ । यो शोधपत्र तयार पार्दा व्यापक रूपमा अध्ययन अनुसन्धान गरी कक्षा ५मा अध्ययन गर्ने विद्यार्थीहरू माथि निरन्तर मूल्याङ्कन गरी त्यसको अभिलेखको तुलना गर्दा सिकाइ उपलब्धिमा राम्रो प्रगति भएको पाइएको छ । यसबाट के प्रष्ट हुन्छ भने यो कार्यलाई अझै अगाडि बढाउँदा अपेक्षित उपलब्धि हासिल हुने कुरा देखिन्छ । यसका लागि निम्न सुझाबलाई अगाडि सार्न सकिन्छ ।

- विशेष गरेर प्राथमिक तहका बालबालिकालाई नेपाली भाषाको शिक्षण गराउँदा विषयवस्तुको शिक्षण नभई भाषिक सीपहरूमा जोड दिइ शिक्षण गर्नु उपयुक्त देखिन्छ ।
- विद्यार्थीहरूको स्तर, क्षमता, रूचि, आवश्यकता आदिलाई ध्यानमा राखी मूल्याङ्कन गरिनु पर्दछ ।
- त्रैमासिक अर्धवार्षिक, बार्षिक रूपमा लिइने परीक्षालाई मात्र मूल्याङ्कनको भरपर्दो साधन नमानी निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको अवलम्वन गर्नु पर्दछ ।
- जसरी अङ्गेजी विषयमा पेन्सिपल पेपर टेष्टको व्यवस्था गरिएको हुन्छ त्यसै गरी नेपाली भाषामा पनि लिखित परीक्षाले समेटन नसक्ने पक्षहरूको निरन्तर मूल्याङ्कनको माध्यमबाट मूल्याङ्कन गरिनु पदर्छ ।

- निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट कमजोर विद्यार्थीलाई पनि तुरून्त उपचारात्मक शिक्षण गरी कमी कमजोरी सुधारी सकारात्मक पुर्नवल दिन सजिलो हुन्छ ।
- विद्यार्थीहरूमा हुने परीक्षाप्रतिको सन्त्रास, कम गर्न कक्षा दोहोऱ्याउने दर, विद्यालय छाड्ने हुने दर कम गर्नका लागि पनि निरन्तर मूल्याङ्कनको आवश्यकता देखिन्छ ।
- शिक्षणको सँगसँगै गरिने निरन्तर मूल्याङ्कनले विद्यार्थीका सिकाइ उपलब्धि उनीहरूका अभिभावकलाई बेलैमा जानकारी दिन र उनीहरूलाई उचित परामर्श तथा सकारात्मक पुर्नवल दिन सकिन्छ ।
- मूल्याङ्कन गर्दा शैक्षिक त्रियाकलापलाई प्रभाव पार्ने तत्त्वहरू जस्तै शैक्षिक वातावरण, विद्यार्थीका तत्परता, अभिभावक, मूल्याङ्कनको समय जस्ता विषयवस्तुलाई विशेष ध्यान पुऱ्याएर मात्र मूल्याङ्कन गरिनुपर्दछ ।
- निरन्तर मूल्याङ्कन गर्दा लिखित परीक्षाले समेटन नसक्ने पक्षहरू जस्तै : अवलोकन, छलफल, कक्षाको सहभागिता, विद्यार्थीको तत्परता, रूचि, अतिरिक्त क्रियाकलाप जस्ता कुरारूलाई विशेष ध्यान दिइनु पर्छ ।
- निरन्तर मूल्याङ्कन गर्दा कक्षाकार्य, गृहकार्य, आवधिक परीक्षा आदिको प्राप्ताङ्कलाई स्पष्टसँग अभिलेखमा राखी जुनसुकै बेला पनि उपलब्ध गराउन सक्नुपर्छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, मीनप्रसाद (२०६४), **कक्षा तीनका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन,** नेपाली भाषा शिक्षण विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र

अधिकारी, हेमाङ्गराज (२०५९) **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य बलराम (२०५८), **अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन**, काठमाडौं : नेसनल बुक सेन्टर ।

ढुङ्गेल, लक्ष्मी (२०६५), **कक्षा पाँचका विद्यार्थीको आवधिक प्रगति विवरणको अध्ययन**, स्नातकोत्तर शोधपत्र

दीक्षित, उषा, **मेरो नेपाली किताब, कक्षा ५** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, (२०५६) **निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक निर्देशिका**, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०५९), **निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका**, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०) **नेपाली भाषा र साहित्य-शिक्षण** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज

भण्डारी, पारसमणि (२०६३) **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।